"वैज्ञानिक र वस्तुनिष्ठ अभियोजन,
अपराध संहिताको प्रभावकारी कार्यान्वयन"

# सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन-२०७६




**महान्यायाधिवक्ताको कार्यालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

# सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन २०७६


महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं, नेपाल

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल
प्रकाशित मिति : २०७६, माघ
प्रकाशन संख्या : १००० (एक हजार प्रति)

महान्यायाधिवक्ताको कार्यालय
(.................................. शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-..............................

## मन्तव्य



फौजदारी न्याय प्रशासनको प्रभावकारिता र सबलता दण्ड सजायसँग जोडिएको हुन्छ । नेपालको दण्ड प्रणाली समयको सापेक्षतामा परिवर्तन हुँदै आएको देखिन्छ । मृत्यु दण्ड, देश निकाला, जात पतित गर्ने, चारपाटा मुड्ने, हात खुट्टा काट्ने जस्ता अमानुषिक दण्ड व्यवस्था अब दिनातीत भइसकेकाछन् । वर्तमान कानूनले जन्म कैद, कैद, जरिवाना, क्षतिपूर्ति लगायतका सजाय र उपचारको व्यवस्था गर्दै प्रोवेसन, प्यारोल, खुल्ला कारागार, सामुदायिक सेवा, दिशान्तर जस्ता अवधारणालाई आत्मसात गरेको छ । मुलुकी अपराध संहिता, २०७४ लगायतका परिवर्तित कानूनबाट सजायमा मात्र परिवर्तन गरेको नभई सजाय निर्धारण सम्बन्धमा पनि केही नयाँ मान्यता र सिद्धान्त आत्मसात गरिएको छ । गम्भीर र जघन्य प्रकृतिका कसूरमा अदालतबाट सजाय निर्धारणका लागि अलग्गै सुनुवाइको व्यवस्था गरिएको छ । सजाय निर्धारणका लागि कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थालाई आधार बनाउनुपर्ने लगायतका प्रावधानहरू कानूनी रुपमा स्थापित भएका छन् । हाम्रो दण्ड प्रणालीले कारागार केन्द्रित (Prison based) दण्ड नीतिको अलावा समुदाय केन्द्रित (Comminity based) दण्डनीतिलाई समेत अवलम्बन गरेको अवस्था छ । यी नयाँ मान्यताहरुलाई कार्यान्वयनमा ल्याउन सबै पक्षबाट साझा प्रयास गर्नु पर्ने आवश्यकता देखिएको छ ।

दण्डको मुख्य उद्देश्य अपराधको रोकथाम गर्नु, सुरक्षित समाज निर्माण गर्नु, कानूनको कार्यान्वयन गर्नु र न्यायपूर्ण व्यवस्था गर्नु हो । प्रचलित फौजदारी कानूनले सजायको हद उल्लेख गरी सो अन्तर्गत रही न्यायकर्तालाई सजाय निर्धारण गर्ने तजविजी अधिकार प्रदान गरेको छ । दण्ड निर्धारणको तजविजी अधिकारको प्रयोग अनियन्त्रित वा स्वेच्छाचारी रुपमा नभई न्यायसम्मत र विवेकसम्मत हुनु पर्दछ । सजाय निर्धारणमा मुद्दाको अभियोजन, प्रमाणको प्रस्तुतीकरण र बहस पैरवी तथा सुनुवाइमा प्रस्तुत हुने आधार र तर्कले अदालतलाई महत्वपूर्ण सहयोग पुग्दछ । सजाय निर्धारणमा एकरूपता कायम गर्न र यसलाई वस्तुनिष्ठ बनाउन सरकारी वकीलका लागि पनि सजाय निर्धारण प्रक्रिया सम्बन्धी मार्गदर्शन आवश्यक हुने महसुस गरी **"सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन"** तयार गरिएको हो । सजाय निर्धारणको क्रममा हुने सरकारी वकीलको जिम्मेवारी सहज रूपमा वहन गर्न र अभियोजन तथा सजाय निर्धारणको कार्यमा हुने सुनुवाइमा सरकारी वकीललाई सहजीकरण गर्न यो मार्गदर्शन सहयोगी हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, प्रस्तुत मार्गदर्शन तयार गर्न सक्रिय भूमिका निर्वाह गर्नु हुने नायब महान्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल, कार्यदलका संयोजक सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी र कार्यदलका सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु । मार्गदर्शन तयारीको क्रममा महत्वपूर्ण पृष्ठपोषण दिनु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरु र विज्ञहरु प्रति आभार प्रकट गर्न चाहन्छु । यस मार्गदर्शनले सजाय निर्धारणको क्रममा बहस पैरवी गर्ने कार्यमा सरकारी वकीलहरुलाई सहजीकरण गर्न सहयोग पुग्ने अपेक्षा राखेको छु ।

२०७६ पुस

(अग्नि प्रसाद खरेल)
महान्यायाधिवक्ता

☎: ४२०००००, ४२००००१, ४२०००१६, ४२०००१४, ४२०००१८
फ्याक्स :- ४२०००२७, एक्सचेन्ज :- ४२०००२४, ४२०००२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# विषयसूची

## परिच्छेद एक
## प्रारम्भिक


१.१. पृष्ठभूमि १

१.२. कार्यदलको गठन र कार्यादेश २

१.३. सजाय निर्धारणमा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शनको आवश्यकता ४

१.४. मार्गदर्शनको प्रयोग र आधिकारिकता ६

१.५. मार्गदर्शनको संरचना ७


## परिच्छेद दुई
## सजाय निर्धारण सम्बन्धी अवधारणा र कानूनी व्यवस्था


२.१. सजाय सम्बन्धी व्यवस्था ८

२.२. सजायका सिद्धान्तहरू ९

२.२.१ प्रतिकारात्मक सिद्धान्त १०

२.२.२ हतोत्साहको सिद्धान्त १०

२.२.३ सुधारात्मक सिद्धान्त ११

२.२.४ निवाराणात्मक सिद्धान्त १२

२.३. सजाय निर्धारणका सिद्धान्तहरू १२

२.३.१ समानुपातिक सजायको सिद्धान्त १२

२.३.२ आवश्यक सजायको सिद्धान्त १३

२.३.३ समान सजायको सिद्धान्त १४

२.३.४ अन्तिम विकल्पको रूपमा कैद सजायको सिद्धान्त १४

२.४. दण्डका मोडलहरू १५

२.४.१ विधायिकीय मोडल १५

२.४.२ न्यायपालिकीय मोडल १५

२.४.३ प्रशासकीय मोडल १६

२.५. सजाय निर्धारणका आधारहरू १६

२.५.१ कसूरको गम्भीरता बढाउने अवस्थाहरू १७
२.५.२ कसूरको गम्भीरता घटाउने अवस्थाहरू १९
२.६ तुलनात्मक अध्ययन २०
२.७ सजाय निर्धारण सम्बन्धमा सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त २३
२.८ सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ ३३

## परिच्छेद तीन

## सजाय निर्धारण सम्बन्धमा सरकारी वकीलको जिम्मेवारी र वहन गर्नु पर्ने भूमिका

३.१ सजाय निर्धारणसँग सम्बन्धित विषयहरू ३५
३.१.१. कसूरको अनुसन्धान र प्रमाण संकलन ३५
३.१.२. अभियुक्तको बयान ३६
३.१.३. अभियोगपत्र तयारी र खुलाउनुपर्ने कुराहरू ३८
३.१.४. थुनछेक र प्रमाण प्रस्तुतीकरण ४२
३.१.५. कसूर निर्धारणमा आवश्यक कुरा र सजाय निर्धारणमा सम्बद्धता ४३

## परिच्छेद चार

## सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलको जिम्मेवारी

४.१ कसूर ठहर गर्दाकै अवस्थामा सजाय निर्धारण हुने कसूरहरू ४५
४.२ छुट्टै सजाय निर्धारणको सुनुवाइ गर्नु पर्ने अवस्था र कार्यविधि ४५
४.३ सजाय पूर्वको प्रतिवेदन तयार गर्न आदेश दिनु पर्ने ४८
४.४. सजाय निर्धारणको सुनुवाइका आधारहरू ५०
४.५. सजाय निर्धारणको सुनुवाइको बहसमा सरकारी वकीलले गर्नुपर्ने तयारी ५१
४.६ सजाय निर्धारणको सुनुवाइको बहसमा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू ५२
४.७ सजाय पूर्वको प्रतिवेदन तयारीमा विचार गर्नुपर्ने कुराहरू ६६
४.८ सजाय निर्धारण उपरको पुनरावेदन कारबाही र सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू ६६

सन्दर्भ सामगीहरू ६९

# परिच्छेद एक

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

मानवीय व्यवहारलाई नियमित गर्ने क्रममा सामाजिक मूल्य मान्यता विपरीतका कार्य गर्ने दोषी व्यक्तिलाई सजाय गरी समाजलाई व्यवस्थित गर्ने प्रक्रिया समाजको स्थापनासँगै भएको मानिन्छ । समाजलाई नियमन र नियन्त्रण गर्ने अन्तिम अस्त्र दण्ड मानिन्छ । अपराध हुन नदिन र अपराध भएमा त्यस कार्यलाई सजाय गरी सोही व्यक्ति र अन्य संभावित व्यक्तिलाई हतोत्साहित गर्न दण्ड आवश्यक हुन्छ । अपराध गर्नेलाई कुनै प्रकारले शारीरिक, मानसिक वा आर्थिक यातना वा दु:ख भोग्न लगाउनु नै दण्ड हो ।[१] आजको समयमा अपराध विनाको समाज र दण्ड विनाको राज्य कल्पना गर्न सकिदैन । कुनै पनि आपराधिक क्रियाकलापलाई समाज र राज्यले हेर्ने दृष्टिकोणमा दण्डको प्रकृति र मात्रा प्रतिविम्बित हुन्छ । यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले एउटा मुद्दामा व्याख्या गर्दै दण्ड निर्धारण न्यायिक विवेक (A question of sentence is a matter of discretion) हो भनेको छ ।[२] सर्वोच्च अदालतले एक मुद्दामा फौजदारी कानून उल्लङ्घनको मात्रा र परिमाण अनुसार दण्ड सजाय निर्धारणमा भिन्नता रहने कुरा अस्वाभाविक हुँदैन । कसूरको मात्रा अनुसार सजायमा भिन्नता हुने सिद्धान्तकै जगमा दण्ड नीति खडा भएको हुन्छ । कसूरमा रहेको संलग्नता वा भूमिका विचार नगरी आरोप लगाएकै भरमा सबैलाई समान प्रकृतिको सजाय गर्नु पर्दछ भन्ने मान्यता न्यायिक विवेकमा आधारित नभई यान्त्रिक हुन जाने भन्दै एकै प्रकृतिको कसूरमा कुनै हैसियतका आधारमा सजायमा विभेद दण्ड नीति विभेदकारी हुने व्याख्या गरेको छ ।[३]

दण्ड सजायको विषय विधायिकी कानूनको विषय मानिन्छ । कस्तो कसूरमा के कति सजायको कानूनी व्यवस्था गर्ने भन्ने कुरा पनि विधायिकाको विषय हो । विधायिकाले समय र आवश्यकता अनुसार कसूरमा हुने सजायमा परिवर्तन गर्न सक्छ । कसूरमा दण्ड निर्धारणको विषय कसूरको मात्रा अनुसार अदालतले निर्धारण

---

१ शान्ति वि.क. विरुद्ध. नेपाल सरकार, ने.का.प. २०६१, अंक ६, नि.नं. ७३९९ ।

2 Bed Raj vs. State of U.P. (1955).

३ ने.का.प. २०७० अंक ४ नि.नं. ८९८७ ।

गर्ने भएपनि दण्ड नीतिमा अदालतले हस्तक्षेप गर्दैन भन्ने मान्यता रहेको छ। दण्ड सजाय समाजको अपराधप्रतिको धारणा र राज्यको अपराध नियन्त्रण गर्ने फौजदारी कानून अनुसार निर्धारण हुन्छ। नेपालको फौजदारी कानूनले सजाय निर्धारणका सम्बन्धमा अधिकांश कसूरमा अदालतलाई धेरै तजविजी अधिकार दिएको छ। कतिपय कसूरमा निश्चित सजाय पनि तोकेको छ। सजाय निर्धारणका न्यायिक मोडल, विधायिकी मोडललाई अवलम्बन गरिएको छ। विधायिकी कानूनले निर्धारण गरेको सीमा र दायराभित्र रहेर अदालतले कसूरको मात्रा र कसूरदारको दोषीपनाका आधारमा उपयुक्त सजाय निर्धारण गर्नु चुनौतीपूर्ण कार्य हो। यस चुनौतीलाई कम गर्न सजाय निर्धारण ऐनले कसूर कायम र सजाय निर्धारणको अलग सुनुवाइको कानूनी व्यवस्था गरी सजाय निर्धारणलाई वस्तुगत बनाउन यसका आधारहरू तय गरेको छ। यसलाई व्यवस्थित गर्न सर्वोच्च अदालतले अदालतहरूका लागि सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ समेत जारी गरेको छ।

अभियोजनकर्ताको रूपमा सरकारी वकीलले कसूरदारलाई कानून बमोजिम सजाय दिलाउन कसूरमा संलग्नताका आधारमा अभियोगपत्र दायर गर्ने र कसूर कायम भए पश्चात् सजाय निर्धारणका लागि सुनुवाइमा वादी पक्षबाट बहस पैरवी गर्दछ। उपयुक्त सजाय निर्धारणमा अदालतको सहयोगी अधिकारीको रुपमा सरकारी वकीलको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन्छ। यसका लागि सरकारी वकील पनि सजाय निर्धारणका सम्बन्धमा जानकार हुन आवश्यक छ। कसूरदारलाई सजाय निर्धारण गर्ने कुरा अभियोगपत्रमा लिइने निज उपरको अभियोग, सो अभियोगमा माग गरिएको सजाय र क्षतिपूर्तिको दाबी, थप सजाय, सजायमा छुट, कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था, कसूरमा संलग्नता देखाउने प्रमाण आदि कुराले निर्धारण गर्दछ। यो कार्यमा पनि सरकारी वकीलको जिम्मेवारी रहन्छ। यो जिम्मेवारीलाई सहज रूपमा बहन गर्न र अभियोजन तथा सजाय निर्धारणको कार्यमा हुने सुनुवाइमा सरकारी वकीललाई सहजीकरण गरी अदालतलाई सजाय निर्धारण गर्ने कार्यमा सहयोग गरी कसूरदारलाई कसूरको मात्रा र संलग्नताका आधारमा सजाय गरी सजाय निर्धारणमा एकरूपता कायम गर्ने मद्दत पुगोस् भन्ने आधारमा सजाय निर्धारणमा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी यो मार्गदर्शन तयार गरिएको छ।

## १.२. कार्यदलको गठन र कार्यादेश

सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी प्रस्तुत मार्गदर्शनको मस्यौदा तयार गरी प्रस्तुत गर्न महान्यायाधिवक्ताको कार्यालयको निर्णय अनुसार देहायका सदस्यहरू रहने गरी कार्यदल गठन गरिएको थियो :

| | |
|---|---|
| अनुगमनकर्ताः | नायब महान्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल |
| विज्ञः | पूर्व नायब महान्यायाधिवक्ता श्री नरेन्द्रप्रसाद पाठक |
| संयोजकः | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |
| सदस्यः | सहन्यायाधिवक्ता श्री लोकराज पराजुली |
| सदस्य | सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहान |
| सदस्यः | उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी |
| सदस्यः | शाखा अधिकृत श्री शिव वाग्ले |

सो कार्यदलको कार्यादेश देहाय बमोजिम रहेको थियो :

**कार्यादेश**

१. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनको सम्बन्धमा सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित विषयमा मार्गदर्शनको मस्यौदा तयार गरी एक महिना भित्र महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने ।

२. उक्त मार्गदर्शनमा सजाय निर्धारण सम्बन्धी ऐनको व्यवस्था, सो व्यवस्थाले आत्मसात गरेको सिद्धान्त, अदालतबाट जारी भएका नियमावलीको व्यवस्था एवम् सर्वोच्च अदालतबाट जारी भएको सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, सजाय निर्धारणको सम्बन्धमा भएका आदेश, निर्देशन समेतलाई सरल भाषामा आवश्यकता अनुसार स्रोत समेत खुलाई उल्लेख गर्ने ।

३. सजाय निर्धारणलाई विचार गरी अपराधको अनुसन्धान, अभियोजन एवम् न्याय सम्पादनमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा उल्लेख गर्ने ।

४. सजाय निर्धारण सम्बन्धी विषयमा अन्य सान्दर्भिक विषयहरू उल्लेख गर्न सकिने ।

कार्यदलले दिइएको समय भित्र कार्यदलका सदस्यहरू, विज्ञ र बैठकमा आमन्त्रित महानुभावहरूसँग छलफल गरी मार्गदर्शनको मस्यौदा तयार गरेको छ । साथै मार्गदर्शनको प्रारम्भिक मस्यौदा उपर सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूहरू, कानून विषयका प्राध्यापक, नेपाल प्रहरी लगायत सम्बद्ध संस्थाका पदाधिकारी तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी प्राप्त भएका सुझाव समेतलाई समावेश गरी मस्यौदालाई अन्तिम रूप दिएको छ ।

### १.३. मार्गदर्शनको आवश्यकता

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अभियोजनको निर्णय सरकारी वकीलबाट हुन्छ । अभियोजनको निर्णयका आधारमा मुद्दा हेर्ने अधिकारी समक्ष अभियोगपत्र दायर गरिन्छ र सोही अभियोगपत्रमा लिइएको मागदाबी बमोजिम अदालतबाट मुद्दाको सुनुवाइ र फैसला हुने गर्दछ । अभियोगपत्रमा लिइएको दाबी बमोजिम कसूर ठहर भएको अवस्थामा तीन वर्ष भन्दा बढी कैद सजाय हुने वा तीस हजार रूपैँया भन्दा बढी जरिवाना हुने जघन्य वा गम्भीर वा अन्य प्रकृतिका कसूरमा सजाय निर्धारणको लागि अलग्गै सुनुवाइ गरिने व्यवस्था रहेको छ । कसूरदारलाई सजाय निर्धारण गर्दा कानूनमा तोकिएको सजायको दायराभित्र रही उचित सजाय चयन गर्नु अदालतको जिम्मेवारी भित्र पर्दछ । मुलुकी अपराध संहिता, २०७४ लगायत प्रचलित फौजदारी कानूनहरूले सजायको हद उल्लेख गरी सो अन्तर्गत रही न्यायकर्तालाई सजाय निर्धारण गर्न सक्ने गरी न्यायकर्तालाई विभिन्न प्रकृतिका तजविजी अधिकार प्रदान गरिएको छ ।

तर दण्ड निर्धारणको तजविजी अधिकारको प्रयोग अनियन्त्रित वा स्वेच्छाचारी हुनु हुँदैन भन्ने मानिन्छ । समान अपराधमा समान सजाय निर्धारण गर्नु आफैमा न्यायिक कार्य हो । समान अपराधमा असमान सजाय भयो भने त्यहाँ न्यायिक विभेद हुन जान्छ र समानताको संवैधानिक प्रत्याभूति पनि कायम रहन सक्दैन । अपराध घोषणा गर्नु र दण्ड निर्धारण गर्नु एकै विषय होइनन् तर अन्तर सम्बन्धित अवश्य हुन् । दण्डको निर्धारणमा कस्तो दण्ड गर्ने भन्दा पनि कति दण्ड निर्धारण गर्ने भन्ने महत्वपूर्ण मानिन्छ । यो प्रक्रिया घटित तथ्यलाई प्रचलित कानूनी व्यवस्था अनुसार कसूर कायम गरे पश्चात शुरु हुन्छ । अभियुक्तले अपराध गर्दा राखेको आशय, उसका असल वा खराब चरित्र, उसका घरेलु परिस्थिति अभियोग ठहर गर्न सान्दर्भिक छैनन तर यी प्रमाणहरू सजाय निर्धारणमा अत्यन्त उपयोगी

आधार हुन सक्दछन ।[४] दण्डको निर्धारणमा कसूरको मात्रा अनुसार तोकिएको दण्डको दायरा भित्र रही दण्डको चयन गर्ने गरिन्छ । यसमा सरकारी वकीलको अभियोजन, प्रमाणको प्रस्तुतीकरण र बहस पैरवी तथा सुनुवाइमा प्रस्तुत हुने तर्कले अदालतलाई महत्वपूर्ण सहयोग पुग्दछ । कतिपय फौजदारी कसूरमा सजाय निर्धारणका लागि न्यायाधीशहरूलाई कानूनले न्युनतम र अधिकतम हद निर्धारण गरेको छ भने कतिपय कसूरमा न्युनतम हद नराखी माथिल्लो हद मात्र तोकेको छ । अर्थात् सजाय निर्धारणमा कानूनले न्यायाधीशलाई व्यापक तजविजी अधिकार दिएको छ । साथै सजाय निर्धारणलाई कसूरको मात्रा र सजायको उद्देश्य अनुसार निर्धारण गर्न कसूर कायम र सजाय निर्धारणको अलग अलग सुनुवाइ गर्नुपर्ने र सजाय निर्धारण गर्दा यसका आधार, सजायको उद्देश्य, कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था समेतका आधारमा गर्नुपर्ने गरी कानूनले न्यायाधीशहरूलाई सीमा समेत निर्धारण गरेको छ । सजाय निर्धारणमा एकरूपता कायम गर्न र यसलाई वस्तुनिष्ट बनाउन सर्वोच्च अदालतले सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन लागू गरेको छ । जसरी न्यायाधीशहरूका लागि सजाय निर्धारण मापदण्ड वा मार्गदर्शन सहयोगी र आवश्यक हुन्छ त्यसैगरी सरकारी वकीलका लागि पनि सजाय निर्धारण प्रक्रिया सम्बन्धी मार्गदर्शन आवश्यक हुन्छ । किनकी सरकार वादी फौजदारी मुद्दा अभियोजन गर्ने र अभियोजन गर्दा सजायको दाबी लिने, सजायमा छुटको सिफारिस गर्ने, थप सजायका आधार कारण उल्लेख गर्ने, प्रमाणबाट देखिएको प्रतिवादीको संलग्नताका आधारमा कसूर र सो कसूरको मात्रा अनुसार दाबी लिने तथा कसूर ठहर भएपछि के कति सजाय निर्धारण गर्ने भन्ने सुनुवाइका क्रममा सजाय पूर्वको प्रतिवेदन पेश गर्ने, सजाय निर्धारणमा बहस गर्ने र निर्धारण भएको सजायमा चित्त नबुझे पुनरावेदनको कारवाही गर्ने जिम्मेवारी सरकारी वकीलमा रहेको छ । यी सबै विषयहरू सजाय निर्धारणमा अत्यन्त महत्वपूर्ण आधार हुने भएकोले सरकारी वकीलको भूमिका र जिम्मेवारीलाई व्यवस्थित गरी एकरूपता कायम गर्न यस सम्बन्धी मार्गदर्शन आवश्यक रहेको छ ।

सजाय निर्धारण गर्न दिइएको तजविजी अधिकार विधायिकाले निर्धारण गरेको सजायको सीमा भित्र रही न्यायकर्ताले अपराध गर्दाको प्रकृति, परिस्थिति, प्रभाव,

---

[४] माधवप्रसाद आचार्य, अपराधशास्त्र, रत्न पुस्तक भण्डार, काठमाडौं, चौथो संस्करण, २०५१, पृ. २२५ ।

समय, सन्दर्भ आदि विचार गरी कसूरको मात्रा अनुसार दण्डको हद निर्धारण गर्दछन् । सो निर्धारणका लागि हुने अलग्गै सुनुवाइमा सरकारी वकीलले बहस पैरवी गरी सजाय निर्धारणका आधार र कानूनी दायराबारे अदालतलाई तर्कपूर्ण आधार उल्लेख गरी सहयोग गर्नु पर्दछ, जसले गर्दा अदालतलाई उचित र उपयुक्त सजाय गर्न सहयोग पुगोस् । सजाय निर्धारणका लागि सजायको गम्भीरता बढाउने र घटाउने आधारहरू कानूनमा उल्लेख रहेका छन् । सो बमोजिमको अवस्थाको विद्यमानता रहे नरहेको कुरामा सरकारी वकीलले अनुसन्धान देखि अभियोगपत्र लेखन एवं बहस पैरवीका चरणमा ध्यान दिनु पर्दछ । कसूरको अनुसन्धानको चरण देखि सजाय निर्धारणको सुनुवाइका चरणसम्म सजाय निर्धारण सम्बन्धी कार्यका लागि सरकारी वकीलको कार्यमा एकरूपता कायम गर्न र यस सम्बन्धी कार्य सम्पादनमा सरकारी वकीललाई मार्गदर्शन गर्न आवश्यक देखिएको आधारमा सजाय निर्धारण सम्बन्धी मार्गदर्शनको औचित्य रहेको छ ।

### १.४. मार्गदर्शनको प्रयोग र आधिकारिकता

यो मार्गदर्शन सजाय निर्धारणको अलग्गै सुनुवाइ गर्नुपर्ने प्रकृतिका कसूरका सम्बन्धमा सरकारी वकीलले प्रयोग गर्ने सामान्य मार्गदर्शन हो । यसलाई सरकारी वकीलले सजाय निर्धारणका लागि गरिने बहस तथा सो पूर्व कसूरको अनुसन्धान, अभियोजन समेतका कार्यमा प्रयोग गर्न सक्छन् । कसूरको अनुसन्धान, अभियोजन र सजाय निर्धारणको बहस र पुनरावेदन सम्बन्धी कारबाही गर्दा सामान्यतः यस मार्गदर्शनको प्रयोग गर्नु पर्नेछ । यस मार्गदर्शनले प्रचलित नेपाल कानून बमोजिम सजाय निर्धारणका सम्बन्धमा सरकारी वकीलले गर्नुपर्ने काम कारवाहीमा एकरूपता र सरलता ल्याउने उद्देश्य राखेको छ । यसमा उल्लेख भएका नेपाल कानूनहरू पनि सरकारी वकीलको काम कारवाहीको सजिलोका लागि राखिएका हुन् । उल्लेखित कानूनहरूमा व्यवस्था गरिएको सजाय निर्धारण सम्बन्धी कुराहरूको दायरा र सीमा सम्बन्धित कानून अनुसार नै हुन्छ । सरकारी वकीलले सजाय निर्धारण सम्बन्धी जिम्मेवारी र सो सम्बन्धी कार्यसम्पादन गर्दा प्रचलित कानून एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र फैसलाको हकमा पनि सोही अनुसार हुनेछ । सो बाहेक मार्गदर्शनमा उल्लेखित अन्य कुराहरूलाई सरकारी वकीलले आफ्नो कार्यसम्पादन गर्दा अनुसरण गर्नु पर्नेछ ।

## १.५. मार्गदर्शनको संरचना

**यस मार्गदर्शनमा देहाय बमोजिम परिच्छेद रहेका छन् :**

परिच्छेद एक : प्रारम्भिक

परिच्छेद दुई : सजाय निर्धारण सम्बन्धी अवधारणा र कानूनी व्यवस्था

परिच्छेद तीन : सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी र वहन गर्नु पर्ने भूमिका

परिच्छेद चार : सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलको जिम्मेवारी

# परिच्छेद दुई

## सजाय निर्धारण सम्बन्धी अवधारणा र कानूनी व्यवस्था

### २.१ सजाय सम्बन्धी व्यवस्था

दण्डको मुख्य उद्देश्य अपराधको रोकथाम गर्नु, सुरक्षित समाज निर्माण गर्नु, कानूनको कार्यान्वयन गर्नु र न्यायपूर्ण व्यवस्था गर्नु हो ।[५] सर्वसाधारणको हित र सदाचार कायम गर्नको लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्नु पनि यसको उद्देश्य रहेको हुन्छ । Andrew Ashworth दण्डका सम्बन्धमा लेख्छन्:

> *'It is important to distinguish the aims of the criminal justice system from the aims of sentencing, which merely relate to one element. The system encompasses a whole series of stages and decisions, from the initial investigation of crime, through the various pre-trial processes, the provisions of the criminal law, the trial, the forms of punishment, and then post-sentence decisions concerned with, for example, supervision, release from custody and recall procedures. It would hardly be possible to formulate a single meaningful 'aim of the criminal justice system' which applied to every stage.*[6]

समाजको धारणा र समयको परिवर्तनसँगै दण्डको स्वरूपमा परिवर्तन हुन्छ । हाम्रो दण्ड प्रणालीको विकास हेर्दा मृत्यु दण्ड, देश निकाला, जात पतित गर्ने, चारपाटा मुड्ने, हात खुट्टा काट्ने आदि दण्डहरू प्रचलनमा रहेका थिए भने विद्यमान अवस्थामा उल्लिखित दण्डको सट्टामा जन्म कैद, कैद, जरिवाना हुँदै खुल्ला कारागार, सामुदायिक सेवा, दिशान्तर जस्ता अवधारणा कार्यान्वयनमा आएका छन् । कसूर र सजायको व्यवस्था समाजको विकास र राज्यको दण्ड नीति अनुसार परिवर्तित हुँदै जान्छन र विधायिकाले कसूर र सजायको व्यवस्था कानूनमा गर्दै जान्छ । के कस्तो कार्यलाई कसूर मान्ने वा के कस्तो कसूरमा के कति दण्ड सजाय राख्ने र कस्तो दण्ड प्रणाली कायम गर्ने भन्ने जस्ता विषयहरू

---

५ प्रा. डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानूनको सामान्य परिचय, पैरवी बुक हाउस प्रा.लि. काठमाडौं, २०७५, पृ. १८२ ।

6 Andrew Ashworth. (2005).*Sentencing and Criminal Justice*. ($4^{th}$ ed.) . Cambridge University Press, Cambridge p.67.

विधायिकाबाट निर्धारित हुने विषय हुन् ।[७] यो न्यायिक निकायको कार्य नभई न्याय प्रशासन संचालित हुने आधार हो । राष्ट्रले फौजदारी न्याय प्रशासनको खाका तयार गर्दा दण्डको उद्देश्यप्रति पनि स्पष्ट हुनुपर्दछ । यसले दण्डको प्रकृति र हद कायम गर्न तथा राष्ट्रको अपराधप्रतिको धारणा बुझ्न सहज हुन्छ । नेपालको दण्ड प्रणाली मुलुकी अपराध संहिता, २०७४ लगायतका कानूनबाट परिमार्जित गरिएको छ । यी कानूनहरूले कसूरमा हुने सजायमा मात्र परिवर्तन गरेको नभै सजाय निर्धारण सम्बन्धमा पनि केही नयाँ मान्यता र सिद्धान्त आत्मसात गरेको छ । अपराध संहिताको परिच्छेद पाँचमा सजाय सम्बन्धी व्यवस्था गरिएको छ । सजायका प्रकारहरूमा जन्मकैद, कैद, जरिवाना, कैद र जरिवाना, क्षतिपूर्ति, जरिवाना वा क्षतिपूर्ति नतिरे वापतको कैद, कैदको सट्टा सामुदायिक सेवा जस्ता व्यवस्थाहरू गरिएको छ भने सजाय निर्धारणका लागि कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थालाई आधार बनाउनुपर्ने लगायतका प्रावधानहरू समेटिएका छन् । मुलुकी अपराध संहिता र फौजदारी (कसूर र सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कारागार केन्द्रित (Prison based) दण्ड नीतिको अलावा समुदाय केन्द्रित (Comminity based) दण्डनीतिलाई पनि अंगीकार गरेको पाइन्छ ।

## २.२. सजायका सिद्धान्तहरू

संसारका सबै मुलुकमा एकै प्रकारको दण्ड प्रणालीको अभ्यास छैन । समान प्रकृतिको कसूरमा पनि अलग अलग सजाय गर्ने अभ्यास रहेको पाइन्छ । कतिपय संघीय मुलुकमा त एकै प्रकारको कसूरमा पनि राज्य वा संघीय एकाइमा नै सजाय फरक फरक रहेको पाइन्छ । एकै किसिमको दण्ड प्रणाली नहुनुको कारणमा राज्यको अपराधप्रतिको मान्यता र दण्ड नीतिमा फरक दृष्टिकोण रहेको पाइन्छ । दण्ड प्रणाली पनि समय र सामाजिक मूल्य मान्यतामा सापेक्ष हुनाले पनि फरक भएको हो । फौजदारी न्याय प्रशासनको परिवर्तनसँगै दण्डको प्रयोग र उद्देश्यमा भिन्नता हुने गर्दछ ।[८] प्रचलित दण्डका मुख्य सिद्धान्तहरू देहाय बमोजिम रहेका छन् ।

---

[७] अच्युतप्रसाद खरेल वि. कानुन, न्याय तथा संसदीय मन्त्रालय, *नेकाप २०६६,* अंक ५, नि.नं. ८१३८, पृ. ७१५ ।

[८] पूर्वपाद टिप्पणी ५, पृ. १८४ ।

### २.२.१ प्रतिकारात्मक सिद्धान्त

"जस्तालाई त्यस्तै" भन्ने उखानसँग मिल्ने यस सिद्धान्तमा अपराधीले जुन प्रकृतिको कुकृत्य गरेको छ सोही प्रकृतिको दण्ड दिने अवधारणा बोक्ने सिद्धान्त हो । यसको मूल उद्देश्य आफूलाई परेको पीर, मर्का, चोट, हानिको बदला लिनु हो । यो सजायको मान्यता पिडकले पीडितलाई जति पीडा, चोट, हानि दिएको छ पीडकलाई पनि सोही अनुरूप नै वा त्यत्ति नै पीडा दिनु पर्दछ भन्ने नै हो ।[९] यस सिद्धान्त अनुसार पीडित पक्षले जस्तो दुःख कष्ट भोग्दछ, त्यस्तै दुःख कष्ट अपराधीलाई भोगाएपछि मात्र न्यायको तराजु सन्तुलित हुन्छ ।[१०] यस सिद्धान्तले अपराधी सुध्रन सक्ने कुरामा विश्वास गर्दैन र दण्डलाई दण्डकै निमित्त मानेको छ ।[११] यो सिद्धान्त मानव अधिकार प्रतिकूल भएको र अमानवीय प्रकृतिको भएको भन्दै फौजदारी न्याय प्रशासनमा अवलम्बन गर्न उपयुक्त मानिदैन । हाम्रो प्रचलित फौजदारी कानूनमा यस सिद्धान्त अंगीकार गरिएको छैन ।

### २.२.२. हतोत्साहको सिद्धान्त

यो अपराध गर्नेलाई दण्डको व्यवस्थाले भय वा त्रास पैदा गर्ने तथा अपराधीलाई दिएको सजाय देखि अन्य व्यक्तिबाट अपराध गर्ने कार्य रोक्ने सिद्धान्त हो । यसले अपराध गर्न निरुत्साहित गर्ने वा भय, त्रास पैदा गराउने कार्य गर्दछ । अपराध नियन्त्रणको अचुक औषधि भनेको सजाय हो । सजायको माध्ययबाट नै समाजमा अपराध नियन्त्रण गर्न सकिन्छ । सजायको डर देखाई वा अपराध गर्नेलाई सजाय गरी सो सजाय देखि अपराधलाई नियन्त्रण गर्न सकिन्छ भन्ने सजायको हतोत्साहको सिद्धान्त हो ।[१२] यस सिद्धान्तले अपराधमा संलग्न हुँदा हानि र फाइदाको लेखाजोखा गरी लाभ भन्दा हानि हुने ठान्दछ भने अपराध गर्नबाट हतोत्साही हुन्छ भन्ने मान्यताका आधारमा दण्ड दिइन्छ भन्ने मान्दछ ।[१३] सजायबाट अपराध गर्नेलाई अपराध गरेमा सजाय हुन्छ भन्ने भय वा त्रास पैदा भई अपराधीलाई दिएको सजाय देखि अन्य व्यक्तिलाई पनि अपराध गर्नबाट रोक्ने

---

[९] महेश शर्मा पौडेल, "सजायको सुधारात्मक पक्ष र नेपाल कानूनको व्यवस्था", *पैरवी ल जर्नल*, पैरवी बुक हाउस प्रा.लि., २०७५, पृ. ४८ ।

[१०] पूर्वपाद टिप्पणी ५, पृ. १८४ ।

[११] पूर्वपाद टिप्पणी ४, पृ. १०५ ।

[१२] पूर्वपाद टिप्पणी ५, पृ. १८४ ।

[13] https://marisluste.files.wordpress.com/2010/11/deterrence-theory.pdf,

सिद्धान्त नै हतोत्साहको सिद्धान्त हो ।[१४] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ को खण्ड (क) मा अदालतले सजाय निर्धारण गर्दा अन्य कुराका अतिरिक्त "कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने" उद्देश्य लिनु पर्ने कानूनी व्यवस्था गरिएको छ ।

### २.२.३ सुधारात्मक सिद्धान्त

अपराध विभिन्न कारणबाट हुन पुग्दछ । अन्जानवश, आवश्यकता, भूल, परिस्थिति आदिबाट पनि हुन सक्छ । अतः अपराधीलाई रोगीको रूपमा हेरी चिकित्सकले बिरामी निको पारे जस्तै अपराधीलाई उपचार मार्फत सबल, सक्षम र योग्य व्यक्तिमा रूपान्तरण गर्ने आधुनिक धारणा हो ।[१५] यसले कडा सजाय भन्दा अपराधीलाई अनुशासित, नैतिकवान बनाई सामाजिकीकरण, पुनःस्थापनाको अवधारणा बोकेको छ ।  कुनै व्यक्ति जन्मसिद्ध अपराधी हुँदैन र उसलाई अपराधी बनाउनको लागि सामाजिक तत्वहरू, परिवेश र परिस्थितिले भूमिका निर्वाह गरेको हुन्छ ।[१६] अपराधीलाई हैन, अपराध हुनका कारण पहिचान गरी त्यस्ता कारक तत्वहरूलाई नियन्त्रण गर्न सकेमा अपराध आफैमा निर्मूल हुन्छ । अपराधीलाई होइन अपराधलाई घृणा गर्नु पर्छ र अपराधीलाई होइन, अपराधलाई समाप्त पार्नु पर्दछ भन्ने पनि यसले मान्यता राख्दछ ।[१७] अपराधीलाई सामाजिक रोगीको रूपमा हेरी चिकित्सकले बिरामी निको पारे जस्तै अपराधीलाई उपचार मार्फत सबल, सक्षम, अनुशासित, नैतिकवान बनाई त्यस्तो अपराध गर्ने व्यक्तिलाई सामाजिकीकरण र पुनःस्थापना गर्दै समाजमा पुनः स्थापित हुन सक्ने योग्य व्यक्तिमा रूपान्तरण गर्नु पर्दछ भन्ने यस सिद्धान्तको मान्यता हो ।[१८] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ को खण्ड (घ) मा सजायको उद्देश्यहरु अन्तर्गत "कसूरदारलाई समाजमा पुनःस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने" व्यवस्था गरी यस सिद्धान्तलाई अंगीकार गरिएको छ । साथै सो ऐनमा सामुदायिक सेवा, कैद सजाय निलम्बन गर्ने, सुधार गृहमा पठाउन सकिने, खुला कारागारमा राख्ने, प्यारोल र प्रोवेशन सम्बन्धी कानूनी व्यवस्थाका

---

१४ पूर्वपाद टिप्पणी नं. ९, पृ. ४९ ।

१५ पूर्वपाद टिप्पणी ५, पृ. १८५ ।

16 Subhash C. Gupta, *'Capital Punishment in India',* 1980, Deep & Deep Publications, New Delhi.

१७ पूर्वपाद टिप्पणी नं. ९, पृ. ५० ।

18 http://ijsard.org/wp-content/uploads/2017/011/THEORIES-OF-PUNISHMENT-WITH-SPECIAL-REFERENCE-TO-PREVENTIVE-REFORMATIVE-THEORIES-By-Mohd-Imrancompilation-volume-3-issue-2.pdf.

साथै दफा ३० मा सामाजिकीकरण सम्बन्धी व्यवस्था गरी यस सिद्धान्तलाई अवलम्बन गरेको देखिन्छ ।

### २.२.४ निवारणात्मक सिद्धान्त

अपराधीबाट थप अपराध हुन नदिन समाजबाट टाढा राख्ने वा थप अपराध गर्न नसक्ने अवस्था सिर्जना गर्ने अवधारणा यस सिद्धान्तले अँगाल्दछ । अपराध गर्ने व्यक्तिलाई समाजबाट अलग गरिएमा अपराध नियन्त्रण हुन्छ भन्ने मान्यता यस सिद्धान्तले गर्दछ । अपराध गर्ने व्यक्तिलाई समाजबाट अलग गर्न सकेमा उसबाट अरु थप अपराध हुँदैन । अपराध गरी कैद दण्डको सजाय तोकी त्यस्तो सजाय कार्यान्वयन गराउन त्यस्ता व्यक्तिलाई कारागारमा राखिन्छ । अपराधीलाई कैदका लागि कारावासमा राखिने प्रचलन सबैभन्दा पुरानो हो । यसलाई कुनै न कुनै रूपमा सबै मुलुकमा अभ्यास गर्दै आएको पाइन्छ ।[१९] मुलुकी फौदाजरी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा गम्भीर र जघन्य प्रकृतिका कसूरमा संलग्न अभियुक्तलाई मुद्दाको सुनुवाइको क्रममा नै थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ मा आजन्म कैद हुने व्यवस्था गरिएको छ । यसैगरी सो संहिता लगायत प्रचलित फौजदारी कानूनमा विभिन्न कसूरमा कसूरको गम्भीरता अनुसार कैद सजायको व्यवस्था गरिएको पाइन्छ । फौजदारी कानूनको कठोरतापूर्वक कार्यान्वयन गर्ने सन्दर्भमा यस सिद्धान्त अनुसार सजायको प्रवन्ध गरिन्छ ।

## २.३ सजाय निर्धारणका सिद्धान्तहरू

### २.३.१ समानुपातिक सजायको सिद्धान्त

अपराधको अनुपातमा सजाय निर्धारण गर्ने सिद्धान्त हो । कसूरदारले गरेको आपराधिक कार्यको दोषको मात्रा र अपराधको गम्भीरतालाई आधार मानेर सोको समानुपातिक सजाय निर्धारण गर्ने मान्यता यसले राख्दछ । यसमा Quantum of punishment and degree of offence हेरिन्छ । एउटै अपराध भए पनि सो अपराधमा संलग्न सबै अपराधीहरुलाई एउटै र समान दण्ड दिनु हुँदैन । कसूरदारको जिम्मेवारी (Culpability), भूमिका, यसको कार्यबाट भएको हानि नोक्सानी (Extent of Damage) समेतको विश्लेषण गरी उपयुक्त सजाय चयन

---

[१९] पूर्वपाद टिप्पणी ५, पृ. १८५ ।

गर्नु पर्दछ । अपराधको अनुपातको निर्धारण उसले गरेको अपराधिक कार्यको दोषको मात्रा र अपराधको गम्भीरतालाई आधार मानेर गरिन्छ । यसो गरिएमा अपराधीलाई पनि उसले गरेको अपराधिक कार्य वापत भोग्नुपर्ने भन्दा बढी सजाय भोग्नुनपर्ने र अपराधबाट पीडित तथा अन्य सर्वसाधारणको नजरमा पनि अपराधीले उपयुक्त सजाय पाएको अनुभूति गर्ने भई निजसँग बदला लिने भावना वा अन्य प्रकारको तुष समाप्त हुने भई सन्तुष्टी मिल्ने विश्वास लिइन्छ ।[२०] यस सिद्धान्तलाई फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को खण्ड (क) मा "सजाय निर्धारण गर्दा कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने" र खण्ड (घ) मा "एकभन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूर वापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने" भन्ने कानूनी व्यवस्था गरिएको छ ।

### २.३.२. आवश्यक सजायको सिद्धान्त

कसूरदारलाई आवश्यक भन्दा बढी सजाय निर्धारण गर्न नहुने मान्यता यो सिद्धान्तले राख्दछ । कति सजाय आवश्यक हो भन्ने सजायको उद्देश्यको आधारमा हेर्नु पर्दछ । सजायको उद्देश्यको सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा व्यवस्था गरिएको छ । कसूरदारलाई सजाय गर्नु केवल सजायका लागि नभई कुनै खास उद्देश्य हासिल गर्नका लागि सजाय गर्ने गरिन्छ । यदि कम सजायले नै सो उद्देश्य प्राप्त हुन्छ भने अनावश्यक रुपमा बढी सजाय गर्नु हुँदैन ।  आवश्यक भन्दा बढी सजाय गर्नाले कसूरदारमा न्याय र व्यवस्था प्रति असन्तोष पैदा गर्दछ र यसले निजमा राज्य र समाजप्रति सम्मानको भावना भन्दा घृणा र द्वेषको भावना जगाउँछ जसको परिणामस्वरुप राज्य र समाजप्रति प्रतिकिया जनाउने उपायको रुपमा पुनः आपराधिक क्रियाकलापमा संलग्न हुन्छ ।[२१] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ख) मा "सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने" व्यवस्था गरिएको पाइन्छ ।

---

[२०] रा.न्या.प्र. (२०७०), *फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफावार व्याख्यात्मक टिप्पणी,* हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २८ ।

[२१] ऐजन, पृ. २९ ।

### २.३.३ **समान सजायको सिद्धान्त**

न्यायका लागि समानता आवश्यक हुन्छ । समानता न्यायको आधारशीला हो । समानता न्यायको पूर्वाधार हो । समानता कायम हुने अवस्थाको सिर्जना नै न्यायपूर्ण अवस्था हो । कसूरदार बीच पनि समान व्यवहार गरिनु पर्दछ । समान अभियोग, कसूरमा समान संलग्नता र समान परिस्थितिका कसूरदारलाई समान सजाय गर्ने मान्यता यसमा निहित रहन्छ । उस्तै परिस्थितिमा घटेको कसूरमा अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान हुने गरी सजाय गर्नु हुँदैन । सजाय तोक्ने मापक निश्चित हुनु पर्दछ । अर्थात समान स्थितिका कसूरदारलाई सजाय निर्धारण गर्दा बेग्लाबेग्लै किसिमले फरक सजाय तोक्नु हुँदैन भन्ने यस सिद्धान्तको मान्यता रहेको छ । समान अभियोग लागेका समान परिस्थितिका कसूरदारहरुलाई दिइने सजायमा असमानता हुनु हुँदैन भन्ने यस सिद्धान्तको मर्म हो । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ग) मा “उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान सजाय हुन नहुने” व्यवस्था गरिएको पाइन्छ ।

### **२.३.४. अन्तिम विकल्पको रूपमा कैद सजायको सिद्धान्त**

फौजदारी कानूनमा मृत्युदण्डको उन्मूलन पछि कठोर दण्डको रुपमा कैद दण्डको व्यवस्था गरिएको भए पनि कारागारमा कैदीको संख्या बढी रहेको अवस्था र तिनीहरुको व्यवस्थापन तथा मानव अधिकारको संरक्षणमा समस्या देखा परे पछि व्यावहारिक रुपमा कैदलाई अन्तिम विकल्पको रुपमा ग्रहण गर्न थालिएको छ । सैद्धान्तिक दण्ड प्रणालीमा कठोर कैद सजायलाई संभव भएसम्म कार्यान्वयन गर्नु हुँदैन भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । कसूरका लागि अन्य सजाय पर्याप्त हुने देखिएसम्म अदालतले कैद सजाय गर्नु हुँदैन । Prison or imprisonment should be treated as the last of the last resort भन्ने यस सिद्धान्तको मान्यता रहेको छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ङ) मा “कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने” व्यवस्था गरिएको पाइन्छ । यसैगरी दफा २३ मा “यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई सजाय

गर्दा जरिवाना र सामुदायिक सेवा पर्याप्त नहुने भएमा कैदको सजाय गर्नु पर्ने" कानूनी व्यवस्था गरिएको छ ।

### २.४ दण्डका मोडलहरू:

विधायिकाले फौजदारी अपराधको लागि विधायिकी कानूनमा नै सजायको बारेमा व्यवस्था गरेको हुन्छ । यसरी सजायको व्यवस्था गर्ने क्रममा विभिन्न तरिकाले सजायको व्यवस्था गरेको हुन सक्दछ । यही तरिकालाई दण्डको नमुना (Models of Punishment) को रूपमा उल्लेख गर्ने गरिएको छ । समग्रमा सजायको नमुनालाई निम्न तीन प्रकारका नमुनाहरू अन्तर्गत राख्ने गरिएको पाइन्छ :

#### २.४.१ विधायिकीय मोडल (Legislative Model)

आपराधिक कार्य वापत सजायको किटानी व्यवस्था विधायिकी कानूनमै गर्ने र सजायको निर्धारण सम्बन्धमा अदालतलाई कुनै स्वविवेकीय अधिकार नहुने पद्धति विधायिकी पद्धति हो । यो पद्धतिलाई बाध्यात्मक सजाय निर्धारण पद्धति पनि भनिन्छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ६ को व्यवस्था यो पद्धतिसँग सम्बन्धित व्यवस्था हो । यो मोडलको कानूनी व्यवस्था प्रचलित फौजदारी कानूनमा अवलम्बन गरिएको छ । जस्तै : मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) मा "कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन" भन्ने कानूनी व्यवस्था गरी उपदफा (२) मा सो कसूर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने कानूनी व्यवस्था गरेको पाइन्छ ।

#### २.४.२ न्यायपालिकीय मोडल (Judicial Model)

विधायिकी कानूनले न्यूनतम र अधिकतम वा अधिकतम हदको सजायको व्यवस्था गरिदिने र अदालतले सजाय निर्धारण गर्दा सो निर्धारित सीमा भित्र रहेर स्वविवेकीय अधिकारको प्रयोग गरी सजाय निर्धारण गर्ने पद्धतिलाई न्यायपालिकीय पद्धति भनिन्छ । यो पद्धति अन्तर्गत अदालतले सजाय निर्धारण गर्दा विधायिकी कानूनले तोकेको सजायको हद भित्रको निश्चित सजाय तोक्ने पद्धतिलाई अंगीकार गरिएको हुन्छ । विधायिकी कानूनले तोकेको हदभित्रको निश्चित सजाय निर्धारण गर्दा अदालतले आधार र कारण स्पष्ट खोल्नु पर्दछ । मुलुकी अपराध संहिता, २०७४ ले सजाय निर्धारणको न्यायापालिकीय मोडललाई बढावा दिएको पाइन्छ । यो मोडलको कानूनी व्यवस्था अनुसार सजाय निर्धारणको लागि गम्भीर र जघन्य

प्रकृतिका कसूर कायम भएको मुद्दामा छुट्टै सुनुवाइ गर्नु पर्ने र तीन वर्ष भन्दा कम सजाय हुन सक्ने मुद्दामा छुट्टै सुनुवाइ गर्नु नपर्ने दुवै प्रकृतिका मुद्दामा आकृष्ट हुन सक्दछ । यस मोडल अनुसार प्रचलित फौजदारी कानूनमा सजायको तल्लो हद नतोकी माथिल्लो हद मात्रै तोक्ने (जस्तैः मुलुकी अपराध संहिता, २०७४ को दफा १८३ को उपदफा (१) अनुसार ज्यान मार्ने उद्योगको कसूर गरेकोमा उपदफा (२) अनुसार दस वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुने), तल्लो र माथिल्लो हद तोक्ने र उचित सजाय चयन अदालतलाई छोडी दिने (संहिताको दफा १८१ को उपदफा (२) मा लापरबाहीपूर्वक काम गरी ज्यान मारेकोमा तीन देखि दश वर्षसम्म कैद वा तीन हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने) गरी कानूनी व्यवस्था गरेको पाइन्छ ।

### २.४.३ प्रशासकीय मोडल (Administrative Model)

मुद्दाको सुनुवाइ गरेर अदालतले अभियुक्तको कार्यको सम्बन्धमा दोषी ठहर मात्र गर्ने र सजाय निर्धारण तथा कार्यान्वयन गर्ने कार्य भन्ने प्रशासकीय अधिकारीबाट हुने पद्धतिलाई प्रशासकीय पद्धति भनिन्छ । यस्तो पद्धतिलाई नेपाल कानूनले अंगीकार गरेको देखिदैन ।

## २.५.सजाय निर्धारणका आधारहरू

सजाय भनेको अपराध र अपराधीप्रति समाजले व्यक्त गर्ने प्रतिक्रिया हो । यसैले सजायका उद्देश्यहरू समाज सापेक्ष हुन्छन् । समाजको अमुक अपराधप्रतिको धारणा, अपराधीप्रतिको दृष्टिकोण, सामाजिक मूल्य र मान्यता आदिका आधारमा सजायका उद्देश्यहरू निर्धारण गरिन्छ । तथापि समय र स्थान विशेषमा सजायका उद्देश्यहरू फरक फरक हुन सक्दछन् ।[२२] साल्मण्डले "सजायको उद्देश्य भविष्यका संभाव्य अपराधीहरूलाई अपराध गर्नबाट दुरुत्साहन गर्नु, वास्तविक अपराधीलाई पुनः थप अपराध गर्नबाट रोकथाम गर्नु र निजलाई सुधारेर कानूनको पालन गर्ने नागरिकको रूपमा रूपान्तरण गरी समाजको संरक्षण गर्नु हो" भनेका छन् ।[२३] त्यसैले सजायको उद्देश्य राज्यको दण्ड नीतिमा आधारित हुन्छ र अदालतले कुनै कसूरदारलाई सजाय निर्धारण गर्दा राज्यले राखेका उद्देश्यहरू हासिल हुने दृष्टिकोणलाई आधार बनाउनु पर्ने अपेक्षा राखिन्छ । यही मान्यतामा आधारित

[२२] ऐजन, पृ. २५ ।

[23] P. J. Fitzerald, *Salmond on Jurisprudence*, p 94, Sweet & Maxwell, London (1985)

भएर धेरै जसो देशमा सजायका उद्देश्यहरू त्यहाँको फौजदारी कानूनमा स्पष्ट उल्लेख गरिएका छन् । सजाय निर्धारण गर्दा अदालतले यी उद्देश्यहरूलाई ध्यानमा राख्नुपर्ने व्यवस्था गरिएको हुन्छ ।[२४] नेपालमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा सजाय निर्धारण गर्दा देहायका कुनै वा सबै उद्देश्यलाई विचार गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ :

(क) कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,

(ख) समाज वा समुदायलाई सुरक्षा गर्ने,

(ग) पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,

(घ) कसूरदारलाई समाजमा पुनःस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,

(ङ) कसूरदारलाई समाजबाट अलग राख्ने,

(च) कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,

(छ) कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने ।

यसैगरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ मा सजाय निर्धारणका निम्न आधारहरू उल्लेख गरिएको छ ।

(क) कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,

(ख) कसूर गर्दाको परिस्थिति,

(ग) कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरू,

(घ) कसूरदारको आचरण र विगतको कृयाकलाप,

(ङ) उक्त ऐनको दफा १३ मा उल्लिखित सजायको उद्देश्य ।

### २.५.१ कसूरको गम्भीरता बढाउने अवस्थाहरू

मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा कसूरको गम्भीरता बढाउने निम्न आधारहरू उल्लेख गरिएको छ । अदालतले सजाय निर्धारणमा यी आधारहरूलाई अवलम्बन गर्नुपर्ने हुन्छ भने सरकारी वकीलले कसूरको अनुसन्धान तथा

---

[२४] हेर्नुहोस् बेलायतको फौजदारी न्याय ऐन, २००३ (Criminal Justice Act, 2003) को दफा १४२, न्युजिल्याण्डको सजाय ऐन, २००२ (Sentencing Act, 2002) को दफा ७, Australian Capital Territory को Crimes (Sentencing) Act, 2005 को दफा ७ ।

अभियोजन र सजाय निर्धारण सम्बन्धी बहसका क्रममा यी विषयहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

(क) राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको विरुद्ध कसूर गरेको,

(ख) राष्ट्रपति वा सरकार प्रमुख वा विदेशी राज्य प्रमुखको उपस्थितिमा कसूर गरेको,

(ग) विश्वासको दुरूपयोग गरी कसूर गरेको,

(घ) कुनै सार्वजनिक पदको लाभ उठाई वा दुरूपयोग गरी कसूर गरेको,

(ङ) सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय कर्तव्य पालन गर्न लागेकोमा बाधा पुऱ्याउने वा निजलाई कुनै गैरकानूनी काम गर्न लगाउने नियतले कसूर गरेको,

(च) कुनै सरकारी कार्यालय, सार्वजनिक कार्यालय वा धार्मिक स्थलमा कसूर गरेको,

(छ) पाँच वा पाँच भन्दा बढी व्यक्तिहरू समूहमा आबद्ध भई कसूर गरेको,

(ज) सार्वजनिक शान्ति खलबलिएको, बाढी, पहिरो, भूकम्प वा त्यस्तै प्रकृतिको दैवी प्रकोप भएको महामारी फैलिएको, अनिकाल परेको वा त्यस्तै किसिमको अन्य कुनै सङ्कटको लाभ लिई कसूर गरेको,

(झ) हातहतियार वा विषालु वा विष्फोटक पदार्थ साथमा लिई वा प्रयोग गरी वा विद्युत प्रवाह गरी वा विद्युतीय उपकरण प्रयोग गरी कसूर गरेको वा हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिएको मानिसको मद्दतबाट कसूर गरेको,

(ञ) एक पटक कैद सजाय पाएको कसूरदारले पुनः कसूर गरेको,

(ट) कुनै पारितोषिक वा आश्वासन वा लाभ पाई वा लाभ पाउने प्रलोभनमा परी गरेको,

(ठ) आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मामा रहेको सम्पत्तिको विरुद्ध कसूर गरेको,

(ड) कसैलाई यातना दिई वा क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गरी कसूर गरेको,

(ढ) एकै वारदातमा एकभन्दा बढी कसूर गरेको,

(ण) एकै वारदातमा एकभन्दा बढी व्यक्तिका विरुद्ध कसूर गरेको,

(त) कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको,

(थ) थुना, हिरासत, कैद वा नियन्त्रणमा रहेको व्यक्ति विरुद्ध कसूर गरेको

(द) कुनै व्यक्तिको सुरक्षाको कर्तव्य भएका व्यक्तिले आफूले सुरक्षा गर्नु पर्ने व्यक्तिको विरुद्ध कसूर गरेको,

(ध) कुनै जात, जाति वा सम्प्रदायको अस्तित्व नै विनाश गर्ने गरी जातिहत्या (जेनोसाइड) को उद्देश्यले कसूर गरेको,

(न) कुनै जात, जाति, धार्मिक वा सांस्कृतिक समुदाय विरुद्ध घृणा उत्पन्न गर्ने उद्देश्यले कसूर गरेको,

(प) मानवता विरुद्धको कसूर गरेको,

(फ) नियोजित वा सङ्गठित रूपमा कसूर गरेको,

(ब) पचहत्तर वर्षमाथिको वृद्धावस्था वा शारीरिक वा मानसिक अस्वस्थताले गर्दा होस ठेगानमा नरहेको वा अपाङ्गताको कारणले आफ्नो बचाउ गर्न सक्ने स्थितिमा नभएको व्यक्ति वा बालबालिकाको विरुद्ध कसूर गरेको,

(भ) सवारी वा साधन, विमान दुर्घटना वा प्राकृतिक प्रकोप पर्दा उद्धार गर्ने काममा खटिँदा कसूर गरेको,

(म) एक पटक कुनै कसूरबाट पीडित भैसकेको व्यक्तिका विरुद्ध सोही कसूरदारले अर्को कसूर गरेको ।

### २.५.२ कसूरको गम्भीरता घटाउने अवस्थाहरू

मुलुकी अपराध संहिता, २०७४ को दफा ३९ मा कसूरको गम्भीरता घटाउने निम्न अवस्थाहरू उल्लेख गरिएको छ ।

(क) कसूरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको,

(ख) कसूरदारको कसूर गर्ने नियत नभएको,

(ग) जुन व्यक्तिको विरुद्ध कसूर भएको छ त्यस्तो व्यक्तिले कसूरदारलाई कसूर हुनुभन्दा तत्काल अघि उत्तेजित गरेको वा धम्की दिएको,

(घ) कसूरदार वा निजको कुनै नजिकको नातेदारका विरुद्ध गरिएको कुनै गम्भीर कसूरको प्रतिकारको रूपमा तत्कालै कसूर भएको,

(ङ) कसूरदारले स्वेच्छाले कसूर स्वीकार गरेको वा त्यस्तो कसूर गरे वापत पश्चाताप गरेको,

(च) कसूरदारले सम्बन्धित अधिकारी समक्ष आत्मसर्मपण गरेको,

(छ) कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी पीडितलाई क्षतिपूर्ति दिइसकेको वा दिन मञ्जुर गरेको,

(ज) शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसूरदारको क्षमता ह्रास भएको,

(झ) पीडित पक्ष र समाजलाई हुन गएको हानि, नोक्सानीको मात्रा उल्लेखनीय नदेखिएको,

(ञ) अदालतमा साँचो कुरा व्यक्त गरी न्यायिक प्रकृयामा सहयोग पुऱ्याएको,

(ट) कसूर स्वीकार गरी भविष्यमा फौजदारी कसूर नगर्ने प्रतिबद्धता व्यक्त गरेको,

(ठ) कसैको बहकाउ वा दबाबमा अपराध गरेको ।

## २.६ तुलनात्मक अध्ययन

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कसूर निर्धारण र सजाय निर्धारण सम्बन्धमा छुट्टाछुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ । नेपालका लागि यो नौलो अभ्यास हो । यद्यपि विश्वका धेरै देशमा यो अभ्यास पहिल्यै देखि अवलम्बन हुदै आएको देखिन्छ । ती मध्ये केही देशको सजाय निर्धारण सम्बन्धी कानूनी व्यवस्था बारेमा संक्षेपमा यहाँ उल्लेख गरिएको छ । विभिन्न देशको यस सम्बन्धी कानूनी व्यवस्था र अभ्यास सरकारी वकीलका लागि पनि सान्दर्भिक हुन सक्छ ।

### भारत

भारतको The Code of Criminal Procedure, 1973 को दफा ३२५ मा After hearing arguments and points of law (if any), the judge shall give a judgment in the case भन्ने व्यवस्था गरिएको छ । कसूरदार ठहर भएकोमा सजाय निर्धारणको प्रश्नमा कानून अनुसार निर्धारण गर्ने व्यवस्था रहेको छ । सोही दफामा यस्तो प्रावधान राखिएको छ । "If the accused is convicted, the judge shall, unless he proceeds in accordance with the provision of section 360; hear the accused on the question of sentence, and then pass sentence on him according the law." यो व्यवस्था अनुसार

भारतमा छुट्टाछुट्टै रूपमा कसूर निर्धारण र सजाय निर्धारणको सुनुवाइ हुने गरेको अभ्यास देखिन्छ ।

### बेलायत

बेलायतले The Penalties and Sentence Act, 1992 for Queensland र The Criminal Justice Act, 2003 मा सजाय निर्धारण सम्बन्धी व्यवस्था गरेको छ । बेलायतमा त्यहाँको Sentencing Council ले सन् 2018 मा सजाय निर्धारण निर्देशिका बनाएको छ । जसलाई General Sentencing Guideline भनिन्छ । उक्त मार्ग निर्देशन अनुसार सजाय निर्धारण गर्दा निम्न आधारहरूमा आधारित भएर गर्नु पर्ने उल्लेख छ ।

- कानूनी सजाय,
- कसूरको गम्भीरता बढाउने वा घटाउने आधार,
- अभियुक्तले आफुले कसूर गरेको कुरा स्वीकार गरेको छ वा छैन,
- अपराधको खतरा,
- सजाय सम्बन्धी सामान्य सिद्धान्त,
- पीडितलाई भराउनुपर्ने क्षतिपूर्ति वा कुनै आदेश,
- अभियुक्तले धरौटीमा छुटेको भए सो को मूल्याङ्कन,
- आपराधिक कियाकलापमा लागेपछि अपराधीले लिएको आर्थिक लाभ,
- अपराधीको आर्थिक स्थिति,
- प्रतिवादीको बानी व्यवहार ।

### न्युजिल्याण्ड

न्युजिल्याण्डले The Sentencing Act, 2002 मा सजाय निर्धारण सम्बन्धी व्यवस्था गरेको छ ।

### अष्ट्रेलिया

अष्ट्रेलियाले The Criminal (Sentencing) Act, 2005 for capital city, The Sentencing Act, 1995 for West Australia and The Criminal Sentencing Act, 1988 for South Australia निर्माण गरी सजाय निर्धारण सम्बन्धी व्यवस्था गरेको छ ।

बेलायत, न्युजिल्याण्ड र अष्ट्रेलियाको सजाय निर्धारण कानूनहरूमा यस सम्बन्धी मुख्य व्यवस्था निम्नानुसार रहेका छन्ः

- केही निश्चित र खास अवस्थाका कसूरमा बाहेक सजाय निर्धारण सुनुवाइ खुला हुने,
- कसूरदार (प्रतिवादी) ले कसूर गरेको कुरामा इन्कार गरेको अवस्थामा बाहेक सजाय निर्धारणको सुनुवाइ हुँदाका वखत निजको उपस्थिति अनिवार्य हुन्छ । प्रकृयागत सहजताका लागि श्रव्य दृष्य संवाद भिडियो कन्फरेन्स) मार्फत पनि कसूरदारलाई उपस्थित गराउन सकिन्छ । प्रतिवादीलाई कानूनी प्रतिनिधित्वको अवसर दिनुपर्ने हुन्छ ।
- तोकिएका अवस्थामा बाहेक एक वा धेरै कसूर वापत सजाय जोडेर गर्न पाइदैन । तर जरिवाना र क्षतिपूर्तिका हकमा यो कुरा लागू हुँदैन ।
- कैद र जरिवाना छुट्टाछुट्टै सजाय हुने व्यवस्था छ ।
- सजायका उद्देश्यबारे व्यवस्था गरिएको छ भने सजाय पूर्वको प्रतिवेदन लिई त्यसका आधारमा सजाय निर्धारण गर्ने अभ्यास रहेको छ ।
- सजाय निर्धारण आदेश लिखित रूपमा हुनुपर्ने र कसूरदारलाई त्यसको जानकारी दिनुपर्ने हुन्छ ।
- जरिवाना भन्दा अपराध पीडितलाई भराइने क्षतिपूर्तिले प्राथमिकता पाउछ ।
- कैदको सट्टा सामूदायिक सेवामा राखिने र त्यसको अवधि समेतका व्यवस्थापकीय कुराहरू कानूनमा गरिएको छ ।
- कसूरको गम्भीरता र कसूरदारको दोषको मात्राको आधारमा सजाय निर्धारण गरिने व्यवस्था छ ।
- Sentencing Council र Sentencing Advisory Panel सम्बन्धी व्यवस्था गरिएको छ ।

**अमेरिका**

अमेरिकामा बाध्यात्मक नभए पनि सजाय सम्बन्धी नीतिमा एकरूपता कायम गर्न US Sentencing Commission ले Federal Sentencing Guidelines, 1987 बनाएको छ । यो Guidelines ले मुख्यतः कसूरदारले गरेको कसूरको प्रकृति र उसले गरेको कसूरले पुऱ्याएको क्षति तथा कसूरदारको आपराधिक इतिहासलाई मध्यनजर गरी सजाय निर्धारण गर्नुपर्ने कुरामा जोड दिएको छ ।

**जापान**

जापानमा सजाय निर्धारणका लागि कुनै Guidelines औपचारिक रूपमा बनाइएको छैन । साथै त्यहाँ कसूर निर्धारण तथा सजाय निर्धारण सम्बन्धी छुट्टै कानूनी व्यवस्था पनि छैन । तथापि जापानमा दण्ड निर्धारण गर्दा दण्डको उद्देश्य र अपराधको प्रकृतिका आधारमा मुख्यतः Retribution, Deterrence, Rehabilitation हुनुपर्ने अभ्यास रहेको पाइन्छ । अदालतबाट समान कसूरका सन्दर्भमा समान दण्ड दिने तथा सरकारी वकीलले पनि समान घटनामा समान सजायको मागदाबी गर्ने अभ्यास गरी दण्डमा समानताको सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ । अपराधको प्रकृति, अपराधबाट भएको क्षति, अपराधको उद्देश्य, अपराधीको पश्चाताप, पीडितलाई क्षतिपूर्ति, अपराधीको आपराधिक इतिहास, अपराधीको आर्थिक तथा पारिवारिक अवस्था, उमेर, स्वभाव, सामाजिक वातावरण जस्ता कुरालाई मध्येनजर गरेर दण्ड र त्यसको प्रकृति निर्धारण गर्ने अभ्यास रहेको छ ।

## २.७ सजाय निर्धारण सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

फौजदारी कसूरमा कसूरदारलाई सजाय निर्धारण गर्ने सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न फौजदारी मुद्दाको सन्दर्भमा र यस सम्बन्धमा परेका रिट निवेदनको निरोपण गर्ने क्रममा न्यायिक व्याख्या गरेको पाइन्छ । यी व्याख्याहरू सजाय निर्धारणका सम्बन्धमा अलग्गै सुनुवाइ गर्ने र सजाय निर्धारण गर्दा अपनाउनुपर्ने आधार सम्बन्धी कानूनी व्यवस्था तथा यस सम्बन्धी सामान्य मार्गदर्शन लागू नभएको अवस्थामा सर्वोच्च अदालतबाट भएका हुन् । तथापि यस सम्बन्धमा गरिएका व्याख्या र प्रतिपादन भएका सिद्धान्तहरू वर्तमान सन्दर्भमा पनि सजाय निर्धारण सम्बन्धी कार्यमा अदालत तथा सरकारी वकीलका लागि सान्दर्भिक र मार्गदर्शन हुन सक्दछन् । कसूरदारलाई सजाय निर्धारणका सम्बन्धमा सर्वोच्च अदालतबाट निम्न मुद्दामा देहाय अनुसार व्याख्या भएको पाइन्छ ।

**क. शान्ति वि.क. वि. नेपाल सरकार**[२५]

फौजदारी मुद्दामा सजाय घटाउन र दण्ड निर्धारण गर्नु पर्दा निम्नलिखित अवस्था र स्थितिलाई विचार गर्नु पर्ने यस मुद्दामा व्याख्या गरिएको छ ।

[२५] ने.का.प. २०६१, अंक ६, नि. नं.७३९९

(क) मार्ने सम्मको मनसाय राखी इवी अदावत लिई पूर्व योजना बनाई हत्या भएको छ, छैन ?

(ख) क्रुरता र यातनापूर्वकको हत्या,

(ग) अपराधको प्रकृति र मात्रा,

(घ) अपराध गर्ने व्यक्तिको उद्देश्य र सामाजिक पृष्ठभूमि,

(ङ) अपराध हुनु पर्ने परिस्थिति,

(च) अपराध गर्ने व्यक्तिको उमेर,

(छ) अपराध गर्ने व्यक्तिको शारीरिक, मानसिक, आर्थिक र पारिवारिक स्थिति,

(ज) पीडित पक्षको राय वा भावना,

(झ) पीडित पक्ष वा समाजलाई हुन गएको हानि नोक्सानी,

(ञ) अपराधीको विगतको आपराधिक प्रवृत्ति,

(ट) अदालतमा साँचो कुरा गरी न्यायिक प्रक्रियालाई सहयोग गरे नगरेको,

(ठ) कसूर गरेमा पश्चातापको भाव आए नआएको,

(ड) सुध्रेर भविष्यमा अपराध नगर्ने वाचा गरे नरेको,

(ढ) कसैको वहकाव वा दवावमा अपराध गरे वा नगरेको,

(ण) जस्तै मुद्दाको तथ्यगत अवस्थाबाट देखिने अन्य उपयुक्त कारणहरू ।

**ख. नेपाल सरकार वि. कारी सदा मुसहर समेत**[२६]

अदालतले कसूरदारलाई सजाय घटाउँदा वा हदैसम्म तोक्दा विना कारण परम्परागत कैद तोक्ने वा घटाउने प्रणालीको अन्त्य गरी निम्न कुरा हेर्नुपर्ने सर्वोच्च अदालतले यस मुद्दामा भनेको पाइन्छ ।

- अपराध गर्दाको परिस्थिति, तयारी, षडयन्त्र, योजना
- अभियुक्तको क्रियाकलाप
- अभियुक्तको अपराधिक गिरोहसँगको संलग्नता एवं वा साँठगाठ
- संगठित अपराध हो होइन भन्ने कुरा
- निर्ममतापूर्वक अपराध गरे नगरेको कुरा

[२६] ने.का.प. २०६३ अकं ८ नि.न.७७५२ ।

- अभियुक्तहरूले अपराध गर्दा प्रयोग गरेको हातहतियार साधन वा उपकरण
- अभियुक्तको उमेर, चरित्र, पीडित र पीडितका परिवारलाई पुगेको क्षति
- पुन गल्ती नदोहोराउने अवस्था
- आपराधिक माफिकको उचित कैद सजाय

**ग. तिब्बतियन शरणार्थी लोप्साङ नोर्वु लामा वि. नेपाल सरकार[२७]**

पहिलो पटक कसूर गरेका कसूरदारको क्रियाले समाजमा गम्भीर रुपमा हानि पुऱ्याएको अवस्था छैन, कानून बमोजिम वैकल्पिक सजाय गर्दा निजमा सुधारको सम्भावना देखिन्छ र यस्तो व्यक्ति समाजमा सभ्य, योग्य र सुशिल नागरिकको रुपमा उभिन सक्छ भन्ने लाग्दछ भने त्यस्तो सुविधा प्रदान गरिनु उपयुक्त हुने ।

**घ. नेपाल सरकार वि. गोविन्द कार्की[२८]**

यस मुद्दामा सजाय निर्धारण गर्दा ज्यान मर्न गएको कारण, अवस्था र परिस्थिति, अपराधको तयारी योजना तथा अभियुक्त र पीडितका बीच पूर्व रिसइवी, सम्बन्ध, अपराधमा संलग्न अभियुक्तहरूको संख्या, प्रयोग गरिएको हतियार, मर्नेको शरीरमा देखिएको घाउँचोट, ज्यान मारिएको ठाउँ, अवस्था, घटनास्थल र समय, अभियुक्तको चरित्र तथा आपराधिक रेकर्ड उपरोक्त कुराहरूको अलावा मर्नेको आपराधिक रेकर्ड, मर्नेको आश्रित परिवार, मर्नेको घरको परिवारको हैसियत, मर्नेको समग्र आर्थिक अवस्था समेतलाई विचार गर्नुपर्ने व्याख्या गरिएको छ ।

**ङ. नेपाल सरकार वि. डबिन गुरुङ्ग समेत[२९]**

हत्याको कसूर प्रमाणित भए पनि पूर्व रिसइवीको स्थिति, वारदातको प्रकृति, पूर्व आपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरूप, कसूरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमि लगायतका कुराहरू विचार गरी कसूर र सजाय बीचको समानुपातिकता (Proportionality of Punishment) स्थापित गर्नु नै न्यायपूर्ण हुने ।

[२७] ने.का.प २०६४ अंक ५ नि.नं. ७८४५ ।

[२८] ने.का.प २०६५ अंक ११ नि.न ८०३९ ।

[२९] ने.का.प.२०६७, अङ्क ३, नि. नं.८३३० ।

## च. अधिवक्ता ज्योती लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३०]

यस रिट निवेदनमा अपराध अनुसन्धान र अभियोजनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरवाही, गल्ती, बद्नियत आदि कुनै पनि कुराको स्थान हुन नहुने भन्दै सर्वोच्च अदालतले यदि त्यस्तो कमजोरी हुन्छ भने सरकारले त्यसको जिम्मा लिनुपर्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

महिलालाई इच्छा विपरीत अपहरण गरी जबरजस्ती करणी गर्नु कानून विपरीत मात्र नभई गम्भीर शरिर विरुद्धको अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकता विहीन कार्य मान्दछ । यस्तो नैतिकता विपरीतको कार्यलाई नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने सिद्धान्त यस मुद्दामा स्थापित गरिएको छ ।

## छ. पुण्यप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[३१]

यस रिट निवेदनमा निम्न अनुसार व्याख्या गरिएको छ :

- दण्ड तोक्दा वा निर्धारण गर्दा राज्यले दण्डको प्रयोग स्वच्छन्दतापूर्वक गर्ने नभई राज्यको सक्षम निकाय विधायिकाले वैधानिक रूपमा बनाएको कानूनले स्पष्ट रूपमा अपराध भनी परिभाषित गरी निषेध गरेको मानवीय कार्य कसैले गरेमा स्वच्छ सुनुवाइको कार्यविधिहरूलाई परिपालना गरी सक्षम निकाय वा अदालतले मात्र दण्ड निर्धारण गर्न सक्दछ भन्ने व्याख्या गरिएको छ । दण्ड स्वभावैले पीडायुक्त हुने, दण्ड निर्धारण गरिएको व्यक्तिको इच्छा विपरीत राज्यको शक्तिद्वारा तोकिने र कार्यान्वयन हुने भएकोले यसको स्पष्ट सैद्धान्तिक आधार हुनुपर्ने ।
- फौजदारी कानूनले किटानी गरेका प्रमुख दण्ड (Fundamental Penalty) वा अपराधको प्रकृति अनुसार मुख्य दण्डसँगै अन्य प्रकारका दण्ड पनि दिने भनी कानूनले तोकेको अतिरिक्त दण्ड (Additional Penalty) तथा प्रमुख दण्डको विकल्पको रूपमा प्रमुख दण्डलाई खारेज नगरी सशर्त रूपमा निलम्बन गरी यसको विकल्पमा सहज खालका दण्ड तोक्ने

[३०] ने.का.प.२०६७, अङ्क ११, नि. नं.८५०७ ।

[३१] ने.का.प.२०६९, अङ्क ७, नि. नं.८८५४ ।

वैकल्पिक दण्ड (Alternative Penalty) सम्बन्धी दृष्टिकोणहरू दण्ड प्रणालीमा आत्मसात गर्नुपर्ने ।

- अपराधको प्रकृति, अवस्था, असर र गम्भीरता जस्ता दण्ड निर्धारणका विविध तत्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसूरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory) अवलम्बन गरी न्यायकर्ताले उपयुक्त दण्ड निर्धारण गर्न सक्ने गरी भएको कानूनी व्यवस्था संविधान विपरीत नहुने ।

**ज. नेपाल सरकार वि. शान्ती वली सार्की समेत**[३२]

सजायको उद्देश्यका सम्बन्धमा व्याख्या गर्दै सर्वोच्च अदालतले सजायको प्रयोजन कसूर गर्ने व्यक्तिलाई अपराध बोध गराउनु हो, बदला लिनु होइन । सजायको प्रयोजन सम्बन्धित व्यक्तिलाई भविष्यमा आफूलाई सुधार्ने अवसर दिनु हो, निजलाई समाप्त नै गरिदिने होइन भन्दै न्यायकर्ताले सजायको तल्लो हद तोक्दैमा कानूनको उल्लंघन नै भएको मान्न नमिल्ने सिद्धान्त प्रतिपादन गरेको छ ।

**झ. नेपाल सरकार वि. शेरबहादुर बस्नेत समेत**[३३]

यस मुद्दामा सजायको उद्देश्य कसूरदारलाई दण्डित गर्ने, त्यस्तो कसूर गर्नबाट अरूलाई निरूत्साहित गर्ने र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटोतर्फ लाग्न प्रेरित गर्नु हो भन्ने व्याख्या गरिएको छ । तजविजी अधिकारको प्रयोग गर्दा दण्डसम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन मिल्दैन र नाम मात्रको सजाय पनि गर्न हुँदैन भन्ने व्याख्या गर्दै नाम मात्रको सजाय गर्ने कुराले सजाय सजाय नै हुँदैन भनिएको छ । साथै अति चर्को सजाय गर्ने हो भने कसूर र सजायको अनुपात नमिली उद्देश्य पराजित हुन्छ र यसले न्यायलाई परास्त गर्छ । अपराधको न्युनीकरण, अपराधीमा दण्डको अनुभूति तथा पीडितलाई

[३२] ने.का प. २०७० अंक १, नि.नं. ८९४८, पृष्ठ १११ ।

[३३] ने.का.प.२०७१ अंक ३, नि.नं. ९१३६, पृष्ठ ३४४ ।

राहत महसुस गराउने दायित्व समेत सजाय निर्धारणसँग सन्निहित हुने सिद्धान्तलाई यस मुद्दामा जोड दिइएको छ ।

### ञ. नेपाल सरकार विरूद्ध राधिका श्रेष्ठ[३४]

- प्रताडित महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबीच केही अन्तर रहेको पाइन्छ । आवेशप्रेरित हत्यामा तत्कालै उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्वको अभाव रहन्छ । BATTERED WOMEN SYNDROME (BWS) को दाबी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने ।
- धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडित, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउछन्, बारम्बार परपुरूषको लान्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत  पाउछन् । निजले उक्त पिडकपति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पिडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन् । यस्तो हत्याको एक मात्र  कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पिडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने ।
- अदालतले अ.व. १८८ नं. को  प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ । तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला प्रताडित हुँदा पीडित भएकी हुन्छे । निज महिलाले गर्ने अपराध पीडाको उपज हुन  आउँछ । अत: अ.व. १८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिने ।
- सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडित भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी पुगेको,

[३४] ने.का.प.२०७१, अङ्क ९, नि. नं.९२४२ ।

निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालतको राय मनासिव देखिने ।

- BWS को अवस्था मुलुकी ऐन, अ.व. १८८ नं. को भन्दा फरक रहेकाले प्रतिपादित सिद्धान्त, परिवर्तित सन्दर्भ, समयको माग र BWS को गाम्भीर्यता समेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन उपयुक्त व्यवस्था हुन आवश्यक देखिने ।

### ट. नेपाल सरकार वि. कुलमान घले गुरुङ्ग समेत[३५]

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा वन्यजन्तु मार्ने कार्य र वन्यजन्तुको आखेटोपहार राख्नेसम्मको निषिद्ध कार्यलाई पनि एकै दफामा राखे पनि सो कार्यलाई कसूरको मात्रा अनुसार विचार गरी सजाय गर्न अधिकतम र न्युनतम सजायको व्यवस्था गरी न्यायकर्तालाई स्वविवेकीय सजाय निर्धारण गर्न सक्ने गरी कानूनी प्रावधान विधायिकाले निश्चित गरेको देखिन्छ । यसरी विधायिकाले दण्ड निर्धारण गर्न विस्तारित प्रावधान राखे पनि तजविजी अधिकारको प्रयोग आत्मगत वा स्वेच्छाचारी रूपमा गर्न मिल्दैन । त्यस्तो दण्डको निर्धारण न्यायकर्ताले समन्याय (equity), शुद्ध अन्तस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसूरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मक रूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरी न्यायिक रूपमा सम्पादन हुनुपर्ने व्याख्या यस मुद्दामा गरिएको छ ।

---

[३५] ने.का.प.२०७३, अङ्क ५, नि. नं. ९६०२ ।

### ठ. मुन्ना प्रजा समेत वि. नेपाल सरकार[३६]

- कुनै कसूरमा एकभन्दा बढी प्रतिवादीहरूलाई तत्सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भए पनि कानूनले निर्णयकर्तालाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको विश्लेषण गरी वारदातमा व्यक्ति पिच्छे प्रतिवादीको संलग्नता, भूमिका जस्ता विषयहरू पहिचान गरी वारदात घटाउन नेतृत्व लिएको, सहायकको भूमिकामा रहेको, आफैँ प्रहार गरेको, गौँडा कुरेको, सुराकीको भूमिका निर्वाह गरेको, लाभ लिने कार्यमा सहभागी भए नभएको, हातहतियारको बन्दोबस्त आदि गरे नगरेको लगायतका थुप्रै विषयहरूका आधारमा अमुक कसूर घटाउनमा कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसूरको मात्रा अनुसार सजाय निर्धारण हुने हुँदा एउटै किसिमको अभियोग दाबी भएका सबै प्रतिवादीहरूलाई समान सजाय हुनुपर्छ भनी मान्न नमिल्ने ।
- फौजदारी कानूनको उल्लङ्घनका लागि सजाय निर्धारण गर्दा विभिन्न सिद्धान्त र अवधारणाहरूको प्रयोग हुँदै आएको पाइन्छ । Mitigating factors भन्नाले कुनै व्यक्तिलाई अदालतले कसूरदार ठहऱ्याएपछि निजलाई कम सजाय गर्न मिल्ने आधारहरूलाई बुझिन्छ भने Aggravating factors भन्नाले कसूरको गम्भीरता बढाउने र अधिकतम सजाय गर्ने आधारहरूलाई बुझिन्छ । Mitigating factors का लागि जो विरुद्ध अपराध भएको छ । उसैको उक्साहटको कारण अपराध घटाउन कसूरदार प्रेरित भएको अवस्था, कसूरदारको मानिसक अवस्था, उमेर, उक्त अपराध घटाउन कसूरदारको अत्यन्त कम भूमिका, कसूरदारको पूर्व आपराधिक रेकर्डको अभाव, अपराध घटाउन पीडितको संलग्नतासमेत रहेको अवस्था, अपराध गर्दाको अवस्था र परिस्थिति आदिको आधारमा विधायिकाले न्युनतम सजाय गर्ने गरी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्ता (Judge) लाई तत्सम्बन्धी विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन् । जबकी

[३६] ने.का.प.२०७३ अंक ११, नि.नं. ९७१४, पृष्ठ २१२६ ।

Aggravating factors पटके अपराधी, पीडितलाई पुगेको क्षतिको गम्भीरता, कसूर घटाउन कसूरदारको नेतृत्वपूर्ण भूमिका, सामाजिक रूपमा अत्यन्त निकृष्ट र अनैतिक मानिने कसूर, पदको आडमा गरिने कसूर र क्रूर तथा यातनापूणर्ण तवरले गरिएको अपराध, अपराधमा घातक हतियारको प्रयोग आदि जस्ता आधारमा विधायिकाले अधिकतम सजाय गर्ने भनी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्तालाई तत्सम्बन्धमा विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थारु पर्दछन्, हाम्रो प्रचलित नेपाली फौजदारी कानूनमा पनि कसूरदारलाई कुनै कसूरका लागि दीयित्व बहन गराउने सम्बन्धी विभिन्न सिद्धान्तहरूको व्यवस्था गरेको पाइने ।

- कसूरको मात्रा अनुसार सजाय हुने भन्ने कुरा कुनै न कुनै रूपमा Mitigating वा Aggravating factors सित सम्बन्धित विषय हो । कसूरको मात्रा भनेको तथ्य र प्रमाणबाट कुनै कसूर घटाउन कुनै व्यक्तिको के कस्तो संलग्नता र भूमिका छ भन्ने कुरा निर्धारण गर्ने हो । कुनै वारदातमा मुख्य भई भूमिका निर्वाह गर्ने, सहयोग गर्ने, लाभ लिने, योजना बनाउने, वातावरण तयार गरिदिने आदि विभिन्न भूमिकाहरूका लागि कानूनले छुट्टाछुट्टै आपराधिक दायित्व तय गरेको अवस्थामा एउटै कसूरमा एकभन्दा धेरै कसूरदारहरूको संलग्नता रहेको परिप्रेक्ष्यमा तीमध्ये प्रत्येक कसूरदारको उक्त वारदात घटाउन के कस्तो र के कति भार पर्छ त्यही कसूरको मात्रा हुन आउने ।

### ड. नेपाल सरकार वि. शैलेन्द्र श्रेष्ठ[३७]

- अपराधीलाई, सजाय गर्नुको उद्देश्य अपराधीबाट समाजको सुरक्षा गर्नु, भविष्यमा त्यस प्रकारका अपराध गर्न उन्मुख व्यक्तिलाई हतोत्साहित गराउनु, आफूले गरेको अपराधको प्रायश्चित गराई निजलाई सुधार गरी भोलि कानूनपरायण नागरिक बनाई समाजमा पुनःस्थापित गर्नु र पीडित पक्षलाई सान्त्वना दिलाउनु हो । त्यसैले अपराधको प्रकृति, वारदात हुँदाको अवस्था र परिस्थिति पीडित पक्षले वारदातमा खेलेको भूमिका, पिडक अर्थात कसूरदारले अपराध घटेपछि खेलेको भूमिका र

[३७] ने.का.प.२०७४, अङ्क १, नि. नं. ९७४७ ।

घटनाप्रति आफूले गरेको प्रायश्चित समेतलाई दृष्टिगत गरी अपराध र सजायमा सन्तुलन हुने गरी सजाय दिइनु र हुनु पर्ने ।

**ढ. रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार**[३८]

- विधायिकाले सजायको न्युनतम र अधिकतम हद तोकेकोमा न्यायकर्ताले कसूर गर्दाको समय परिस्थिति, सोबाट पीडितलाई पर्न गएको क्षति तथा सामाजिक प्रभाव, पीडितको शारीरिक मानसिक अवस्था, कसूरदारको उमेर तथा अवस्था, कसूरको मात्रा तथा गाम्भीर्यता जस्ता कुरालाई मनन गरी आफ्नो विवेकले उचित देखेको सजाय तोक्न सक्ने नै देखिन्छ । यदि यसो गर्न नसक्ने हो भने कानूनले यसरी न्युनतम र अधिकतम सजायको सीमा तोक्नुको कुनै औचित्य रहँदैन । केही गरी यस्तो स्वविवेकीय अधिकारको प्रयोग उचित आधार कारणबिना न्यायिक मनको प्रयोग नगरी दुरूपयोग भएको देखिएमा पुनरावेदनको रोहमा हेर्न सक्ने नै हुन्छ ।
- सुरूले स्वविवेकाधिकार प्रयोग गरेको पुनरावेदनको रोहमा समेत सदर भई सोउपर पुनरावेदन नै लाग्न नसक्ने अवस्थामा भने मुद्दा दोहोर्‍याई हेर्दा सो लाई हेरी अन्यथा भन्न सकिने नदेखिने ।

**ण. भीमबहादुर नेपाली वि. नेपाल सरकार**[३९]

- सजाय निर्धारण गर्दा न्यायकर्ताले न्यायिक मनको प्रयोग न्यायोचित रूपमा गर्नु पर्दछ । ऐनले दिएको तजविजी अधिकारको प्रयोग गर्दा कसूदारहरू पटके अपराधी भए नभएको, संगठित आपराधिक समूहमा रहे नरहेको, बालक, बृद्ध वा अशक्त आदिलाई प्रयोग गरे नगरेको समेतका अपराध गर्दाको अवस्थामा प्रयोग भएका साधन, प्रकृया र पद्धतिका अतिरिक्त दशीको प्रकृति र मात्रालाई मध्यनजर राख्नुपर्ने ।

---

[३८] ने.का.प.२०७४, अङ्क २, नि. नं. ९७६५ ।

[३९] ने.का.प. २०७६ अंक २ नि.न. १०१९८ ।

## २.८ सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५

सर्वोच्च अदालतले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२, १३, १४, १५, १६ र १७ मा भएका सजाय निर्धारण सम्बन्धी कानूनी व्यवस्थाहरूलाई सहज रूपमा कार्यान्वयन गर्नका लागि सजाय निर्धारण सम्बन्धी समान्य मार्गदर्शन, २०७५ जारी गरेको छ । यो मार्गदर्शन न्यायाधीशहरूका लागि सामान्य मार्गदर्शनको रूपमा रहेको छ ।

फौजदारी कानूनले कसूरको सम्बन्धमा गरेका सजायको फराकिलो अन्तर र न्यायिक स्वविवेकलाई वस्तुनिष्ट रूपमा प्रयोग गर्न र एकरूपता कायम गर्न न्यायाधीशहरूलाई सहजीकरण गर्ने उद्देश्य मार्गदर्शनले राखेको छ । मूलत मार्गदर्शनले कसूरको गम्भीरता, कसूरदारको दोषीपना, कसूरबाट पुग्न सक्ने जोखिम र पीडितलाई पुगेको क्षति समेतका आधारमा कसूरको वर्ग विभाजन गरी कसूरको गम्भीरता बढाउने अवस्थाका आधारमा कैद सजायको अवधि बढाउने र गम्भीरता घटाउने अवस्थाका आधारमा कैद सजायको अवधि घटाउने गरी कैद सजायको आधार विन्दु अर्थात शुरुवाती बिन्दु समेत निर्धारण गरेको छ । विभिन्न १८ प्रकृतिका कसूरमा प्रत्येक कसूरको सम्बन्धमा सजाय निर्धारणका आधार र कसूरको वर्ग विभाजन र सजाय निर्धारणकाका लागि १५ वटा चरणहरूको व्यवस्था गरिएको छ ।[४०] उक्त मार्गदर्शन सर्वोच्च अदालतको वेवसाइटमा उपलब्ध रहेको छ ।

**पहिलो चरणः** कसूरमा हुने सजायको आधारमा कसूरको वर्ग विभाजन गर्ने,

यस अन्तर्गत कसूरमा कसूरदारलाई हुने कैदको माथिल्लो र तल्लो हदको सजायको दायरा फराकिलो रहेकोमा कसूरको गम्भीरता, दोषिपना र पीडितलाई पुगेको क्षति समेतका आधारमा उपयुक्त सजाय निर्धारण गर्न कसूरको वर्ग विभाजन गर्नूपर्ने र मार्गदर्शनमा तोकिएका आधारमा कसूरको वर्ग विभाजन गर्ने । सजायको दायरा फराकिलो नभएको कसूरमा वर्ग विभाजन गर्न आवश्यक नहुने ।

**दोस्रो चरण**ः कैद सजायको आधार बिन्दु एकिन गर्ने (सम्बन्धित कानूनको दफामा भएको सजायको दायराका आधारमा आधार बिन्दु एकिन गर्ने । उदाहरणका लागि

[४०] सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन २०७५ सर्वोच्च अदालत

कुनै कसूरमा चार वर्ष देखि सात वर्षसम्म सजायको व्यवस्था रहेकोमा सजायको आधार विन्दु ५ वर्ष कैद हुनसक्ने ।

**तेस्रो चरण:** सजायको उद्देश्य विचार गर्ने (सजाय निर्धारण ऐन, २०७४ को दफा १३ बमोजिम)

**चौथो चरण:** समग्रतामा सजाय निर्धारण गर्ने (सजाय निर्धारण ऐन, २०७४ को दफा ११(२), दफा १४ र दफा १५ बमोजिमका आधारमा गर्ने ।

**पाँचौ चरण:** कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था विश्लेषण गर्ने ( अपराध संहिताको दफा ३८ र ३९ मा उल्लिखित अवस्थाहरू)

**छैठौ चरण:** कसूरदारलाई हुने कैद एकिन गर्ने ।

**सातौ चरण:** जरिवाना एकिन गर्ने ।

**आठौं चरण:** थप सजाय हुने भए सो निर्धारण गर्ने ।

**नवौ चरण:** सजायमा कमी वा छुटको अवस्था भए सो अनुसार छुट दिने ।

**दशौं चरण:** कसूरसँग सम्बन्धित साधन वा सम्पत्ति जफत हुने भए सो जफत गर्ने ।

**एघारौं चरण:** पीडितलाई भराउने विगो एकिन गर्ने ।

**बाह्रौ चरण:** पीडितलाई भराउने क्षतिपूर्ति र क्षतिपूर्ति शुल्क एकिन गर्ने ।

**तेह्रौ चरण:** अन्य आदेश गर्ने (कैद वापत रकम तिर्न आदेश गर्न सकिने, सुधार गृह, सामुदायिक सेवा आदि)

**चौधौं चरण:** नैतिक पतन हुने नहुने कसूरको घोषणा गर्ने ।

**पन्ध्रौ चरण:** आधार र कारण सहितको फैसला तयार गर्ने (फौजदारी कार्यविधि संहिताको दफा १३१ र सजाय निर्धारण ऐन, २०७४ को दफा १७ मा उल्लिखित कुराहरू फैसलामा उल्लेख गर्ने)

# परिच्छेद तीन

# सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी र वहन गर्नु पर्ने भूमिका

## ३.१ सजाय निर्धारणसँग सम्बन्धित विषयहरू

फौजदारी न्याय प्रशासनमा कसूर र सजाय निर्धारणसँग सम्बन्धित विषयहरू तय गर्नु अत्यन्तै जटिल कार्य हो । सिद्धान्ततः कुनै पनि अपराधमा अपराधकर्तालाई कति सजाय हुनु पर्दछ भन्ने सन्दर्भमा आधुनिक फौजदारी विधिशास्त्रमा कसूरलाई उपयुक्त हुने गरी सजाय गर्ने Punishment must fit the crime भन्ने गरिन्छ । मूलतः सजायको कठोरता अपराधको गाम्भीर्यताको अनुपातका आधारमा हुनु पर्दछ (The severity of punishment should be proportionate to the gravity of the offences) भन्ने मान्यता रहेको छ । वास्तवमा कुनै कसूर अपराधमा कसूरदारलाई के कति सजाय गर्नु उपयुक्त हुन्छ भन्ने कुरा सो अपराध के कस्तो घटना, अवस्था एवं परिस्थितिमा कसूरदारले कसरी गरेको रहेछ भन्ने कुरामा निर्भर हुन्छ । वस्तुतः अपराधको अनुसन्धान देखि कसूर निर्धारणसम्मका हरेक चरणमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले गर्ने काम कारवाहीहरू अन्ततः सजाय निर्धारणसँग प्रत्यक्ष वा परोक्षरूपमा सम्बन्धित रहन्छन् । तसर्थ नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान कारवाही तथा अभियोजनका सिलसिलामा भए गरेका कार्यहरू कसूर ठहर र सजाय निर्धारण प्रकियाका लागि पनि प्रत्यक्ष रूपमा सम्बन्धित हुने भएकाले यसमा सरकारी वकीलको प्रभावकारी र जिम्मेवार भूमिका रहनुपर्ने हुन्छ । यसका लागि सरकारी वकीलले देहाय अनुसार अनुसन्धान तथा अभियोजन सम्बन्धी कारवाही गर्नुपर्ने हुन्छ ।

### ३.१.१ कसूरको जाहेरी, अनुसन्धान र प्रमाण संकलन

१. कसूरको प्रकृति, अभियुक्तको पूर्व आचरण र क्रियाकलाप, अभियुक्तको आर्थिक र पारिवारिक अवस्था जस्ता कुरा सजाय निर्धारणमा सम्बन्धित रहन्छन् । शुरु जाहेरी दरखास्तमा नै यस्ता कुरा उल्लेख हुन सकेमा कसूरको अनुसन्धानमा सहज हुने र सजाय निर्धारणमा पनि सजिलो हुने हुँदा यसतर्फ सरकारी वकील सजग हुने,

२. अपराधको अनुसन्धानबाट प्राप्त हुने सवुद प्रमाण कसूर ठहर र सजाय निर्धारणका लागि महत्वपूर्ण हुने भएकोले अपराधको अनुसन्धान र प्रमाण

संकलनमा सरकारी वकीलको अनुसन्धानकर्तालाई निर्देशन दिने र अनुसन्धानको निरन्तर सुपरिवेक्षण गर्नु पर्दछ । यस अन्तर्गत कसूरसँग सम्बन्धित भौतिक तथा अन्य महत्वपूर्ण प्रमाण संकलन लगायतका कार्यमा निर्देशन गर्ने र अनुसन्धानकर्ता, अपराध पीडित तथा विधिविज्ञान विज्ञसँग कसूरको अनुसन्धानका विषयमा निरन्तर समन्वय गर्ने,

३. प्रारम्भिक अनुसन्धान प्रतिवेदन सहित प्राप्त अनुसन्धानको रणनीति र कार्यनीतिको अध्ययन गरी कसूर कायम गर्ने प्रमाण र कसूरदारको संलग्नता देखिने आधार र प्रमाण तथा सजाय निर्धारण गर्न मद्दत गर्ने आधारहरू जस्तैः कसूर गर्दाको परिस्थिति, कसूर गर्न प्रयोग भएको दशी, वस्तु वा चीज, कसूरदार र पीडित बीचको सम्बन्ध, पीडितलाई कसूरबाट पुगेको क्षति वा हानि, कसूरबाट समाजलाई पर्न गएको प्रभाव, कसूरदारको पहिले कसूर गरेको पूर्व रेकर्ड आदि विषयमा अनुसन्धानबाट विवरण खुलाउन र त्यस्ता अभिलेखहरू मिसिल संलग्न गर्न निर्देशन गर्ने,

४. अपराध पीडितको कागज गर्दा वा बयान गराउँदा अन्य कुराका अतिरिक्त कसूरबाट निजलाई परेको प्रभाव, मानसिक, आर्थिक र मनोवैज्ञानिक रुपमा भएको क्षति लगायतका कुरा खुलाउन लगाउने, यसैगरी अभियुक्तको आर्थिक, पारिवारिक, शैक्षिक स्थिति र आचरण समेतका कुराहरु र सजाय निर्धारणमा निजको धारणा समेत पीडितबाट खुलाउन लगाउने,

५ घटनाको प्रकृति अनुसार प्रमाण प्राप्त हुने घटनास्थल वा कसूरसँग सम्बन्धित कुनै स्थान एकिन गरी प्रमाण संकलनमा ध्यान दिन र सो अनुरूप प्राप्त प्रमाणको संरक्षण, संकलन, प्याकिङ्ग गरी वैज्ञानिक परीक्षण गराउन लगाउने कुरामा निर्देशन गर्ने,

६ घटनास्थलमा फेला परेका प्रमाण लाग्न सक्ने चिजवस्तु तथा तथ्यहरू र प्रमाणको आधारमा कसूरको गम्भिरता बढाउने वा घटाउने आधार अनुसन्धानबाट स्थापित गराउने ।

### ३.१.२ अभियुक्तको बयान

१. अभियुक्तको बयानमा पहिले कुनै कसूर गरे नगरेको र सजाय पाए नपाएको कुरा, कसूरमा संलग्नता, कसूर गर्दाको परिस्थिति, कसूर गर्न प्रयोग भएको चीज, कसूरदार र पीडित बीचको सम्बन्ध तथा अभियुक्तको व्यक्तिगत,

पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमि लगायतका कुरा सिलसिलेवार रूपमा खुलाउने,

२. अनुसन्धानबाट संकलित सबुद प्रमाण, तथ्य, साक्षीको भनाई व्यहोरा, विशेषज्ञको राय वा प्रतिवेदनका सम्बन्धमा अभियुक्तको बयानमा स्पष्ट रूपमा खुलाउन लगाई के कस्तो अवस्था, प्रकृति एवं तौरतरिकाबाट सो वारदात गरिएको हो भन्ने जस्ता सजाय निर्धारणका लागि आधार हुने कुरा र मापन गर्न सकिने आधार स्पष्ट खुल्ने गरी बयान गराउने,

३. अभियुक्तका पीडितसँगको पूर्व सम्बन्ध तथा कसूरबाट प्राप्त भएको वा हुने लाभ र कसूरबाट भएको क्षतिका कुरा स्पष्ट रूपमा खुलाउने,

४. अभियुक्त तथा पीडितको उमेर तथा अवस्था खुलाउने,

५. अभियुक्तको बयानमा अपराधको पृष्ठभूमि र कारण, अपराधमा निजको संग्लग्नता, अभियुक्तको अपराध गर्ने मनसायको तहगत अवस्था, अपराधमा संग्लग्न अन्य व्यक्तिहरू र निजहरूको कसूरमा भूमिका, अपराधसँग सम्बन्धित चिजवस्तु आदि प्रष्ट खुल्ने गरी गराउने,

६. अभियुक्तले आफ्नो संरक्षण वा नियन्त्रणमा रहेको व्यक्ति वा जिम्मा रहेको सम्पत्तिको विरुद्ध कसूर गरेको भए स्पष्ट खुलाउने,

७. मुद्दाको प्रकृति र त्यसले पीडित उपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नु पर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्ने बेच्ने, हाडनाता करणी एवं महिला विरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू, बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू र एच.आई.भी. एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरूमा परिचयात्मक विवरण गोप्य राख्ने, राख्न लगाउने ।

८. अभियुक्तको बयान गराउँदा निजको फोटो समेत संग्लग्न गरी तीन पुस्ते विवरण सहितको स्पष्ट नाम, उपनाम, थर, वतन, उमेर, राष्ट्रिय परिचयपत्र वा नागरिकता वा पासपोर्ट नम्बर, सम्पर्क नम्बर, गल्ली वा टोल नम्बर, फ्याक्स, ईमेल समेतका विवरणहरू खुल्ने गरी उल्लेख गर्ने, साथै कुनै अभियुक्त फरार रहेको भए पक्राउ अभियुक्तबाट फरार अभियुक्तको उल्लेखित विवरण स्पष्ट खुलाउने,

९. बयान गराउनु पर्ने अभियुक्तले नेपाली भाषा बुझ्न नसक्ने भए निजको भाषा बुझ्न सक्ने दोभाषे समेतको व्यवस्था गरी माथि उल्लेखित विषयवस्तु समेतलाई दृष्टिगत गरी त्यस्ता अभियुक्तको बयान गराउनु पर्ने ।

१०. एक पटक अभियुक्तको बयान भई सके पछि अनुसन्धानबाट प्राप्त प्रमाणका आधारमा अनुसन्धानका सिलसिलामा थप स्पष्टता गर्नु पर्ने भए ततिम्बा बयान गराउने ।

११. सजाय निर्धारणसँग सम्बन्धित र सो प्रकृयामा मद्दत पुग्ने विषयका सवाल समेत राखी बयान गराउने कुरामा ध्यान दिने, सजायमा कमी हुनुपर्ने वा छुट हुनुपर्ने विषयमा समेत बयान गराई निजको भनाई अभिलेखित गर्ने,

### ३.१.३ अभियोगपत्र तयारी र खुलाउनु पर्ने कुराहरू

सजाय निर्धारण अभियोग दाबी अनुसार अभियुक्तले गरेको कसूर ठहर भएपछि अदालतले गर्ने न्यायिक प्रकृया हो । तथापि सरकारी वकीलले अभियोगपत्रमा दाबी गरेको कसूर र सो कसूरमा अभियुक्तको संलग्नताका आधार, अभियुक्तलाई हुनुपर्ने सजाय र क्षतिपूर्तिको मागदाबी तथा सजायमा छुट लयागतका कुराहरू सजाय निर्धारणका सम्बन्धमा अदालतले हेर्ने विषयहरू भएकाले अभियोगपत्र तयारीमा सरकारी वकीलले यी कुरामा गम्भीर रूपमा ध्यान दिनु पर्दछ । युवराज शर्मा वि. नेपाल सरकार भएको मुद्दामा सर्वोच्च अदालतले "अदालतले दाबी भन्दा बाहिर वा दाबी भन्दा बढी सजाय हुने गरी निर्णय गर्न सक्दैन" भन्ने स्पष्ट व्याख्या गरेको छ ।[४१]

सरकार वादी फौजदारी मुद्दाको आधारभूत र मूल दाबी भनेको अभियोगपत्र वा आरोपपत्रमा लिइएको दाबी नै हो । त्यसैका आधारमा नै अदालतबाट कसूरदारलाई सजाय हुने वा नहुने भनी ठहर हुन्छ । फौजदारी मुद्दामा अदालतले अभियोग दाबी लिइएको भन्दा बढी प्रतिवादीलाई सजाय हुने गरी निर्णय दिन मिल्दैन । तथापि माग दाबी लिइएको सजायको दायराभित्रै रही सबुद प्रमाणको वस्तुनिष्ट मूल्याङ्कनका आधारमा न्यायिक निष्कर्षमा पुग्ने अधिकार अदालतमा अन्तर्निहित रहेको हुन्छ भन्ने न्यायिक मान्यता स्थापित छ ।

[४१] ने.का.प. २०६८ अंक ९ नि. नं. ८८८६

सरकारी वकीलले अभियोगपत्र तयार गर्दा एवं अदालतमा पेश गर्दा सजाय निर्धारणसँग सम्बन्धित निम्न विषयमा विचार पु¥याउनु पर्दछ ।

❖ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा उल्लिखित निम्न कुराहरू उल्लेख गरी अभियोगपत्र तयार गर्ने,

- अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,
- अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,
- अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,
- अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी उल्लेख गर्ने, साथै निजको आर्थिक, सामाजिक अवस्था समेत उल्लेख गर्ने,
- अरुको घरमा डेरा गरी बसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,
- कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,
- कसूर सम्बन्धी विवरण,
- अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी, प्रमाणको विवरण,
- अभियुक्त उपर लगाइएको अभियोग र त्यसको आधार र कारणहरू,
- कुनै अभियुक्त फरार रहेका भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,
- अभियोग लगाइएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सोको लागि मागदाबी,
- प्रयोग हुनु पर्ने सम्बन्धित कानुन र त्यसको कारण,
- अभियुक्तलाई हुनु पर्ने सजायको मागदाबी र त्यसको कारण,
- कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,
- कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण ।

- अभियुक्तले पहिले कुनै कसूरमा सजाय पाइसकेको वा निज उपर अन्य कुनै मुद्दा चलाइएको र त्यसको कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मुद्दा, सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम समेत अभियोगपत्रमा उल्लेख गर्ने वा पछि खुल्न आएमा खुल्न आएको बखत उल्लेख गरी अदालतलाई जानकारी पठाउने,
- कसूर सम्बन्धी मुद्दामा कानूनले तोकेको हदम्यादभित्र अभियोगपत्र तयार गरी दायर गर्ने,
- कसूर हुँदाका बखत लागू रहेको कानून अनुसार कसूर र उक्त कसूरमा हुने कानूनले निर्धारण गरेको सजायको दाबी लिने,
- अभियुक्तले संगठित रूपमा कसूर गरेको भए उक्त कुरा उल्लेख गर्ने र थप सजायको समेत दाबी लिने,
- अभियुक्तलाई सजाय कम वा छुट दिनु पर्ने भए सोको आधार र कारण सहित छुटको प्रतिशत समेत उल्लेख गर्ने,
- अभियुक्तलाई उपल्लो हदको सजाय हुनु पर्ने भए सोको आधार र कारण अर्थात कसूरको गम्भीरता बढाउने अवस्थाहरू उल्लेख गर्ने,
- कुनै अभियुक्त फरार रहेको भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सो सम्बन्धी विवरण उल्लेख गर्ने,
- क्षतिपूर्तिका लागि प्रथमस्तर द्वितीयस्तर वा पारिवारिक पीडितबारे स्पष्ट उल्लेख गर्ने र क्षतिपूर्तिको मागदाबी र क्षतिपूर्ति निर्धारणका कानूनी आधार अभियोगपत्रमा लेख्ने, यस सम्बन्धमा निम्न कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तलाई जानकारीमा लिने,

**पीडित संरक्षण ऐन, २०७५ को दफा ४८**

कुनै कसूरमा अभियोजन गर्दा प्रथमस्तरको पीडित द्वितीयस्तरको पीडित र पारिवारिक पीडितले प्राप्त गर्ने क्षतिपूर्तिको सम्बन्धमा स्पष्ट दाबी लिनु पर्नेछ ।

**सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त**

नेपाल सरकार वि. तेजबहादुर थारु भएको मुद्दामा "के कति क्षतिपूर्ति भराउने भन्ने अदालतको क्षेत्राधिकार भित्र पर्ने भएपनि अभियोगपत्रमा क्षतिपूर्ति समेत दाबी लिनु सरकारी वकीलको कानूनी कर्तव्य हुने" । [४२]

❖ **सजायमा छुट दिने भएमा सो सम्बन्धी व्यवस्थाको दाबी गर्ने**

सरकारी वकीलले बालबालिका उपर अभियोग तयार गर्दा बालबालिकाको उमेरका आधारमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ ले हुने सजायमा छुट सम्बन्धी मागदाबी लिने कुरामा ध्यान दिनुपर्दछ ।

❖ **पटके अपराधीका हकमा र कसूरको तरिकाका आधारमा थप सजायको दाबी लिने**

कुनै कसूरमा सजाय पाएको व्यक्तिले पुनः अपराध गरेको कारण अभियोग दाबी लिई अभियोगपत्र दायर गरेको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम थप सजायको दाबी लिई अभियोगपत्र तयार गर्ने ।

कसूर गर्दाको तरिकाका आधारमा कुनै कानूनले थप सजाय हुने व्यवस्था गरेको भए सो थप सजायको मागदाबी समेत लिई अभियोगपत्रमा उल्लेख गर्ने । यस सम्बन्धमा अपराध संहिताको दफा १९७ र २१४ तथा संगठित अपराध निवारण ऐन, २०७० को व्यवस्था सान्दर्भिक छन् ।

**मुलुकी अपराध संहिताको दफा १९७(३)**

कसैले कुनै कसूर गर्न सजिलो पार्ने नियतले अरुलाई बेहोस तुल्याउने, लठ्याउने वा अस्वस्थ पार्ने पदार्थ खुवाउन वा अन्य कुनै प्रकारले सेवन गराउन वा कुनै प्रकारले बेहोस गराउने कार्य गरी त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर वापत हुने सजायमा यस दफा बमोजिमको दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एकलाख पचास हजार रूपैयाँसम्म जरिवानाको सजाय थप हुनेछ ।

---

[४२] नेकाप २०७४ अक १ नि. नं. ९७४६ ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा २१४(२)**

कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस ऐन वा कानून बमोजिम कसूर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसूर वापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुनेछ ।

❖ कसूर कायम हुने र सजाय निर्धारणसँग सम्बन्धित अन्य कुराहरूमा ध्यान दिई अभियोगपत्र तयार गर्ने,

### ३.१.४ थुनछेक र प्रमाण प्रस्तुतीकरण

थुनछेक र प्रमाण प्रस्तुतीकरण फौजदारी मुद्दाको महत्वपूर्ण कारवाही प्रक्रिया हो । यसले पनि सजाय निर्धारणका सिलसिलामा महत्व राख्ने भएकोले देहायका आधारमा सरकारी वकीलले हेर्नु पर्ने हुन्छ ।

१. मुद्दाको थुनछेक सम्बन्धि कारवाहीका सिलसिलामा अभियुक्तलाई थुनामा राख्ने गरी अदालतबाट आदेश भएको वा निजसँग नगद धरौट वा बैक जमानत माग्ने गरी आदेश भएकोमा सो आदेश अनुसारको कारवाही प्रक्रियालाई अभियुक्तले पालन गरे, नगरेको,
२. मुद्दाको कारवाहीको सिलसिलामा अभियुक्तलाई अदालतबाट जारी भएको म्याद वा तोकिएको तारेखमा कानून बमोजिम निज अदालत समक्ष हाजिर वा उपस्थित भई मुद्दाको कारवाही प्रक्रियामा सहयोग गरे, नगरेको,
३. मुद्दाको अनुसन्धान वा कारवाही प्रक्रियाको सिलसिलामा पीडितको तत्काल औषधोपचार गराउनु पर्ने अवस्था रहे भएकोमा सो का लागि अभियुक्त वा निजको तर्फबाट अदालतको आदेश अनुसार राहत वा अन्तरिम सहायता उपलब्ध गराए नगराएको,
४. अभियुक्तबाट पीडितलाई तत्काल औषधोपचार गर्ने वा अन्तरिम क्षतिपूर्ति दिन अदालतबाट आदेश भएकोमा सो आदेशको पालना निजले गरे, नगरेको,
५. अभियुक्तले अनुसन्धानको सिलसिलामा साक्षी प्रमाण संकलन गर्न वा प्रमाण परीक्षण वा  प्रस्तुतीकरणको कारवाही प्रकृयामा कुनै किसिमको बाधा विरोध वा अवरोध खडा गर्ने वा अदालत समक्ष पेश गर्न वा प्रस्तुत हुन हतोत्साह गर्ने वा गर्न प्रयास गरे, नगरेको,

६. अभियुक्तले पीडित एवं वादीका साक्षीहरूलाई प्रमाण परीक्षण वा प्रस्तुतीकरणको सिलसिलामा कुनै किसिमको अनुचित दवाव वा प्रतिकूल प्रभावमा पार्ने प्रयास गरे नगरेको,

७. अभियुक्तले आफुले गरेको कसूर स्वीकार गरी अनुसन्धानमा प्रमाण संकलन गर्न सहयोग गरेको वा आफूसमेत संलग्न भई गरेको समूहगत रूपमा गरेको कसूरमा संलग्न मुख्य अपराधकर्ताहरू वा अन्य संलग्न अपराधकर्ताहरूको जानकारी दिई अपराधको अनुसन्धान र अदालतको मुद्दा कारवाही प्रक्रियामा सहयोग गरे, नगरेको ।

### ३.१.५ कसूर निर्धारणसँग सम्बन्धित कुरा र सजाय निर्धारणमा सम्बद्धता

नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कारवाही प्रक्रियामा कसूर कायम र सजाय निर्धारणसँग सम्बन्धित कुरा एक आपसमा अन्तर सम्बन्धित विषय वस्तुहरू हुन् । फौजदारी कानूनमा कसूरको निर्धारण सम्बद्ध वारदात र तथ्य प्रमाणको आधारमा हुन्छ भने प्राप्त तथ्यका आधारमा स्थापित कसूर कस्तो परिस्थिति र अवस्थामा के कुन तरिकाबाट के कुन उमेर समूहका व्यक्तिले के कसरी गरेका हुन् भन्ने मापन गरी कानूनमा व्यवस्थित न्युनतम वा अधिकतम सीमा भित्रको सजाय तोक्ने प्रक्रिया सजाय निर्धारणसँग सम्बन्धित हुन्छ । सजाय निर्धारण कसूर कायम भएको अवस्थामा मात्र हुने विषय भएकोले कसूर निर्धारण गर्ने कार्य सरकारी वकीलको महत्वपूर्ण जिम्मेवारीको विषय हो ।

मूलतः कसूर निर्धारणका लागि देहायका कुरा आवश्यक हुन्छन् ।

१. अभियोग दाबी अनुसार घटना वा वारदात भएको स्थापित हुनु पर्दछ ।

२. घटना वा वारदातमा अभियुक्तको संलग्नता स्थापित हुनु पर्दछ ।

३. अभियुक्तको आपराधिक कार्य र मनसाय स्थापित भएको हुनु पर्ने ।

४. अभियुक्त उपर लागेको अभियोग अनुसारको कसूर भएको तथ्य स्वतन्त्र एवं भौतिक प्रमाणबाट स्थापित हुनु पर्दछ ।

५. कसूरका सम्वन्धमा रहेको दाबी बमोजिम अभियुक्त प्रथमस्तर, द्वितीयस्तरको कसूरदार वा सहयोगी वा मतियार कुन तहको हो भन्ने वस्तुनिष्ठ प्रमाणबाट स्थापित भएको हुनु पर्दछ ।

६. अभियुक्तले वारदातको बखत कुनै किसिमको भौतिक चिजवस्तु वा धनमालमा हानि नोक्सानी वा क्षति पुऱ्याएको रहेछ भने हानि नोक्सानी वा क्षति भएको उक्त धनमालको विगो एकिन हुनु पर्ने ।

७. अभियुक्तले वारदातको बखत कसै उपर कुनै प्रकारले शारीरिक रूपमा घाउँचोट वा पीडा पुऱ्याएको रहेछ वा मानसिक रूपमा पीडा वा क्षति पुऱ्याएको रहेछ भने त्यस्तो घाउँचोट वा पीडाको प्रकृति, संख्या र गाम्भीर्यता एवं मानसिक रूपमा पीडितले भोगेका पीडा वा क्षति समेतको भौतिक एवं शारीरिक रूपमा विशेषज्ञ चिकित्सकबाट परीक्षण गरी गराई स्पष्ट रूपमा खुली आएको हुनु पर्दछः-

८. अभियुक्तले गरेको कार्यलाई अपराध भनी कानूनले स्पष्ट रूपमा व्यवस्था गरेको हुनु पर्दछ ।

९. पीडित, साक्षी वा सबुद प्रमाणको परिक्षण, जिरह एवं मूल्याङ्कन भएको हुनु पर्दछ ।

वस्तुतः कसूर निर्धारणका लागि आवश्यक माथि उल्लेखित विषय वस्तुको सजाय निर्धारणका सम्बन्धमा निम्न बमोजिमको सम्बद्धता रहेको देखिन्छ ।

१. कसूरदारलाई अपराधको गाम्भीर्यताको आधारमा सजाय निर्धारण गर्न ।

२. कसूरको प्रकृति अनुसार सजाय निर्धारण गर्न ।

३. पीडितले कसूरदारबाट व्यहोरेको क्षति र पीडाका आधारमा उपयुक्त क्षतिपूर्ति एवं प्रदान गर्न ।

४. नियोजित वा संगठित रूपमा कसूर गरेकोमा उपयुक्त सजाय गर्न ।

# परिच्छेद चार

## सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलको जिम्मेवारी

फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले तीन वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने वा तीस हजार रूपैयाँ भन्दा बढी जरिवाना हुने नेपाल सरकार वादी भै अदालतमा दायर भएका फौजदारी मुद्दामा अदालतबाट कसूर ठहर भएकोमा सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था गरेको छ । सो बाहेक तीनवर्ष भन्दा कम कैद सजाय हुने अन्य कसूर र निश्चित सजाय हुने कसूरमा भने अलगै सुनुवाइ गर्नुपर्ने हुदैन । कसूर ठहर गर्दाकै अवस्थामा सजाय निर्धारण गर्नु पर्दछ ।

### ४.१ कसूर ठहर गर्दाकै अवस्थामा सजाय निर्धारण हुने कसूरहरू

| | |
|---|---|
| देहायको कसूर ठहर गर्दाकै बखत कसूरदारलाई सजाय निर्धारण गर्नुपर्छ ।<br>(क) प्रचलित कानूनमा नै कैद वा जरिवानाको निश्चित अंक किटान गरिएको कसूर,<br>(ख) तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना हुने कसूर,<br>(ग) मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४५ को उपदफा (१क) बमोजिम घटी सजायको राय प्रस्ताव गरिएको बाहेकको जन्म कैद ठहर हुने कसूर, | **फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ८ को उपदफा (१)** |

### ४.२ छुट्टै सजाय निर्धारणको सुनुवाइ गर्नु पर्ने अवस्था र कार्यविधि

सजाय निर्धारणका लागि अलग सुनुवाइ हुने मुद्दामा कसूर ठहर भएका अभियुक्तलाई सजाय निर्धारण गर्ने प्रयोजनार्थ अदालतले कसूर ठहर भएको तीस दिनभित्र सुनुवाइ हुने गरी सुनुवाइको मिति तोकी सजाय निर्धारणको सुनुवाइ गर्नुपर्दछ । उक्त सुनुवाइका आधारमा सजाय निर्धारण गरिन्छ । सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलले वादी पक्ष अर्थात् नेपाल सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहसमा सहभागी हुनु पर्दछ । सजाय निर्धारणको सुनुवाइमा सरकारी वकिलले मूलतः सजाय निर्धारण सम्बन्धी कानूनी व्यवस्था,

सजाय निर्धारण सम्बन्धमा प्रतिपादित सिद्धान्त, सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ लगायतका सामाग्री र तीनमा गरिएको व्यवस्थाहरूको बारेमा अध्ययन गर्नुपर्ने हुन्छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) दफा ८ बमोजिम कसूरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गरी निर्धारण गर्नु पर्नेछ । तर दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कसूरको हकमा सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नु पर्ने छैन ।<br>(२) उपदफा (१) बमोजिम सुनुवाइ गर्दा कसूर ठहर गर्ने न्यायाधीशको मृत्यु भएको, अवकास भएको, माथिल्लो तहको न्यायाधीश पदमा नियुक्ति भएको, कुनै कारणले सो पदको काम गर्न नसक्ने भएमा वा पदमा नरहेमा वा निजलाई कडा रोग लागि कार्यसम्पादन गर्न नसक्ने भएकोमा बाहेक अन्य जुनसुकै अवस्थामा निजले नै सुनुवाइ गरी सजाय निर्धारण गर्नु पर्नेछ । | **फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ९** |
| (१) फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने भएमा सो प्रयोजनका लागि तीस दिनभित्र पर्ने गरी अर्को तारिख तोक्नु पर्दछ ।<br>(२) सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने अवस्थामा अदालतले निर्णयको व्यहोरा राय किताबमा लेखी सोको छोटकरी विवरण निर्धारित ढाँचामा तयार गरी मिसिल सामेल राख्नु पर्नेछ ।<br>(३) यसरी तयार गरिएको विवरण सरकारी वकील कार्यालयलाई र अभियुक्त थुनामा रहेको निजलाई समेत उपलब्ध गराउनु पर्नेछ ।<br>(४) मुद्दाको पुर्पक्षका क्रममा धरौट वा जमानत वा तारिखमा रहेको अभियुक्तलाई तीन वर्ष भन्दा बढी कैद सजाय हुनसक्ने कसूरमा कसूरदार ठहर भई निजको हकमा सजाय निर्धारण गर्न | **मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६७** (२), (३), (४), (८) |

| | |
|---|---|
| छुट्टै सुनुवाइ हुने भएमा त्यस्तो सुनुवाइ नहुँदासम्म निजलाई थुनामा राखी मुद्दाको बाँकी कारवाही गर्नु पर्दछ । | |
| (५) सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने अवस्थामा अदालतले निर्णयको व्यहोरा राय किताबमा लेखी सोको छोटकरी विवरण निर्धारित ढाँचामा तयार गरी मिसिल सामेल राख्नु पर्नेछ ।<br>(६) यसरी तयार गरिएको विवरण सरकारी वकील कार्यालयलाई र अभियुक्त थुनामा रहेकोमा निजलाई समेत उपलब्ध गराउनु पर्नेछ । | **मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६७** |
| • कुनै व्यक्ति कसूरदार ठहर भै फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ९ बमोजिम सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने भएमा अदालतले सो प्रयोजनका लागि तीस दिनभित्र पर्ने गरी अर्को तारिख तोक्नु पर्दछ ।<br>तर तत्काल प्रचलित कानून बमोजिमको कार्यविधि अपनाई सुरु तहको अदालतबाट फैसला भई सकेको वा कुनै अदालतमा सजाय निर्धारणको लागि एक पटक सुनुवाइ भई सकेको कसूरको कसूरदारलाई सोही कसूरमा माथिल्लो तहको अदालतबाट सजाय निर्धारण गर्ने प्रयोजनका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने छैन ।<br>• तोकिएको पेशीका दिनमा मुद्दाको कुनै पक्ष अदालतमा अनुपस्थित रहेपनि सजाय निर्धारण सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।<br>• सजाय निर्धारण सम्बन्धी सुनुवाइको पेशीको तारिख तोक्दा सम्भव भएसम्म सम्बन्धित पक्ष र निजको कानून व्यवसायी समेतसँग परामर्श गरी तोक्नु पर्नेछ । | **फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) नियमावली, २०७५ को नियम ३** |

| | |
|---|---|
| • सजाय निर्धारणको लागि तोकिएको पेशी मुद्दाका पक्ष वा कानून व्यवसायीले सामान्यतयाः स्थगत गर्न पाउने छैन ।<br>• कुनै मुद्दामा एक भन्दा बढी प्रतिवादी कसूरदार ठहर भई सजाय निर्धारण गर्नु परेमा त्यस्ता सवै कसूरदारको हकमा एकै पटक सुनवाइ गरी सजाय निर्धारण गर्नु पर्नेछ ।<br>• सजाय निर्धारण सम्बन्धी आफ्नो कुनै जिकिर रहेमा वादी वा कसूरदार वा निजको कानून व्यवसायीले सजाय निर्धारणको सुनुवाइ हुनु पूर्व त्यस्तो जिकिर लिखित रूपमा अदालतमा पेश गर्न सक्नेछ । | |

- सजाय निर्धारणको लागि सुनुवाइ हुने मिति र समयको जानकारी लिई मिसिल साथ राख्ने र सुनुवाइको लागि अध्ययन गर्ने,
- सजाय पूर्वको प्रतिवेदन अदालतमा प्राप्त भएपछि त्यस्तो प्रतिवेदन प्राप्त गरी अध्ययन गर्ने, सो प्रतिवेदन उपर अध्ययन गरी आफ्नो राय अदालत समक्ष प्रस्तुत गर्ने,
- अदालतले सरकारी वकीललाई सजाय पूर्वको प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रतिवेदन तयार गरी अदालतमा पेश गर्ने,

### ४.३ सजाय पूर्वको प्रतिवेदन तयार गर्न आदेश दिनु पर्ने

सजाय निर्धारण गर्ने सुनुवाइ पूर्व अदालतले आवश्यक ठानेमा सजाय पूर्वको प्रतिवेदन तयार गर्न सम्बन्धित अधिकारीलाई आदेश दिनु पर्दछ । सजाय निर्धारणमा यस्तो प्रतिवेदनको महत्व रहन्छ । यस सम्बन्धी कानूनी व्यवस्था निम्न अनुसार रहेको छ ।

**कानूनी व्यवस्था**

| | |
|---|---|
| (१) तीन वर्षभन्दा बढी कैद वा तीस हजार रूपैयाँ भन्दा बढी जरिवाना हुन सक्ने कसूरका सम्बन्धमा सजाय निर्धारण गर्नु अघि अदालतले आवश्यक ठानेमा कसूरदारको सम्बन्धमा सजाय | **फौजदारी कसूर (सजाय** |

| | |
|---|---|
| पूर्वको प्रतिवेदन तयार गर्न प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतलाई आदेश दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएपछि प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतले कसूरदारका सम्बन्धमा देहायका कुराहरू उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछः-<br>(क) कसूरदारको व्यक्तिगत, सामाजिक र सांस्कृतिक पृष्ठभूमि,<br>(ख) कसूर गर्दाको परिस्थिति,<br>(ग) कसूर गर्नु अघिको कसूरदारको चालचलन,<br>(घ) कसूरदारको उमेर,<br>(ङ) प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतले आवश्यक ठानेका अन्य कुराहरू ।<br>(३) उपदफा (२) बमोजिमको प्रतिवेदन तयार भएपछि प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतले त्यस्तो प्रतिवेदन अदालत समक्ष पेश गर्नु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि अदालतले त्यस्तो प्रतिवेदन सम्बन्धित सरकारी वकील, कसूरदार र निजको कानून व्यवसायीलाई तथा कसूरदार बालबालिका भए निजको संरक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।<br>(५) उपदफा (४) बमोजिमको प्रतिवेदन प्राप्त गरेपछि त्यस्तो सरकारी वकील, कसूरदार, संरक्षक वा कानून व्यवसायीले त्यस सम्बन्धमा आफ्नो राय अदालत समक्ष पेश गर्न सक्नेछ ।<br>(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत तोकिएको वा नियुक्त नभएको अवस्थामा अदालतले वादी र प्रतिवादीको कानून व्यवसायीलाई उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्ने आदेश दिनु पर्नेछ ।<br>(७) उपदफा (६) बमोजिमको आदेश प्राप्त भएपछि त्यस्तो कानून व्यवसायीले त्यस्तो प्रतिवेदन तयार गरी अदालत समक्ष | **निर्धारण तथा कार्यान्वयन**) **ऐन, २०७४ को दफा १२** |

| | |
|---|---|
| पेश गर्नु पर्नेछ । | |
| • अदालतमा पेश गरिने सजाय पूर्वको प्रतिवेदन निर्धारित फौजदारी कसूर (सजाय निर्धारण कार्यान्वयन) नियमावलीको अनुसूची - २ को ढाँचामा पेश गर्नुपर्नेछ ।<br>• उक्त प्रतिवेदनमा निम्न कुरा उल्लेख गर्नुपर्नेछ ।<br>➢ कसूरदारको शैक्षिक, आर्थिक, शारिरिक र मानसिक अवस्था, पेशा, व्यवसाय जस्ता व्यक्तिगत क्षमता र हैसियत,<br>➢ कसूरदारको पारिवारिक स्थिति र दायित्व, सामाजिक सम्बन्ध, परिवारका सदस्यको शिक्षा र चेतनाको स्तर, सांस्कृतिक मूल्य, मान्यता, परम्परा जस्ता सामाजिक र सांस्कृतिक पृष्ठभूमि ।<br>• अदालतमा प्राप्त सजाय पूर्वको प्रतिवेदनका सम्बन्धमा सम्बन्धित सरकारी वकील, कसूरदार, कसूरदार बालबालिका भए निजको संरक्षक वा कानून व्यवसायीको कुनै राय भएमा सजाय निर्धारणको सुनुवाइ हुनु पूर्व लिखित रूपमा पेश गर्नु पर्नेछ । | **फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) नियमावली, २०७५ को नियम ४** |

## ४.४ सजाय निर्धारणको सुनुवाइका आधारहरू

फौजदारी मुद्दामा सजाय निर्धारणको सुनुवाइ अभियुक्तको कसूर ठहर भएपछि गरिने विषय हो । प्रचलित कानूनले सवै कसूरमा सजाय निर्धारणको अलग सुनुवाइको अनिवार्य प्रबन्ध गरेको छैन । सम्बन्धित कानूनी व्यवस्थाका आधारमा सजाय निर्धारणको सुनुवाइका लागि निम्न आधारहरू पूरा हुनुपर्ने देखिन्छ ।

- अदालतबाट कसूरदार ठहर भएको,
- ठहर भएको कसूर सम्बन्धी मुद्दामा अभियुक्तलाई तीन वर्ष भन्दा बढी कैद सजाय वा तीस हजार रूपैँया भन्दा बढी जरिवाना हुन सक्ने अवस्था रहेको,
- प्रचलित कानूनमा कैद वा जरिवानाको निश्चित अंक किटान नगरिएको,

- (कुनै कसूरमा कसूरदारलाई पाँच वर्ष कैद वा पचास हजार रूपैँया जरिवाना हुने रहेछ भने कसूर ठहर हुँदा कै अवस्थामा सजाय निर्धारण समेत गर्नु पर्दछ) ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन लागू नहुने भनी कुनै कानूनमा उल्लिखित कसूर सम्बन्धी मुद्दा नभएको ।

## ४.५. सजाय निर्धारणको सुनुवाइको बहसमा सरकारी वकीलले गर्नुपर्ने तयारी

सजाय निर्धारणको सुनुवाइ कसूर ठहर भएको तीसदिन भित्र हुने गरी अदालतबाट मिति तोकिने हुँदा सम्बन्धित सरकारी वकीलले सजाय निर्धारणका सुनुवाइको बहसका लागि निम्न अनुसार तयारी गर्नु पर्दछ ।

- सजाय निर्धारणको लागि सुनुवाइको पेशी तारिख तोक्दा अदालतले सम्बन्धित कानून व्यवसायीसँग परामर्श गरी पेशी व्यवस्थापन गर्ने व्यवस्था रहेको हुँदा सोका लागि उपयुक्त दिन पेशी तोक्न परामर्श दिने,

| | |
|---|---|
| सजाय निर्धारण सम्बन्धी सुनुवाइको पेशीको तारिख तोक्दा सम्भव भएसम्म सम्बन्धित पक्ष र निजको कानून व्यवसायी समेतसँग परामर्श गरी तोक्नु पर्नेछ । | **सजाय निर्धारण तथा कार्यान्वयन नियमावली, २०७५ को नियम ३(४)** |

- सजाय निर्धारणको लागि सुनुवाइ हुने दिनको जानकारी प्राप्त गरी पेशी किताबमा जनाउन लगाउने, सम्बन्धित मिसिल अध्ययन र तयारीका लागि सरकारी वकीललाई जिम्मा दिने,
- सम्भव भएसम्म कसूर ठहर गर्दा बहस गर्ने सरकारी वकीलबाट नै सजाय निर्धारणको बहस गर्न जिम्मेबारी दिने,
- कसूरदार ठहर भएको फैसला वा निर्णयको छोटकरी विवरण सुनुवाइ पूर्व नै अदालतबाट प्राप्त गरी मिसिल सामेल राख्ने,
- सजाय निर्धारणको सुनुवाइका लागि पेशी तोकिएको मुद्दामा पेशी स्थगित नगर्ने,

| | |
|---|---|
| सजाय निर्धारणको लागि तोकिएको पेशीको मुद्दाका पक्ष वा निजको कानून व्यवसायीले सामान्यतया | **सजाय निर्धारण तथा कार्यान्वयन नियमावली,** |

| | |
|---|---|
| स्थगन गर्न पाउनेछैन । | **२०७५ को नियम ३(७)** |

- सजाय निर्धारणको सुनुवाइका लागि आवश्यक पर्ने सामाग्री जस्तैः सम्बन्धित ऐन कानून, प्रतिपादित सिद्धान्त, सान्दर्भिक पुस्तक, सजाय निर्धारण सम्बन्धी अभ्यास संकलन गरी अध्ययन गर्ने,
- सजाय पूर्वको प्रतिवेदन प्राप्त गरी मिसिल सामेल राख्ने र अध्ययन गर्ने, बहसमा सान्दर्भिक हुने विषय टिपोट गर्ने,
- कसूर ठहर भएका अभियुक्तको सम्बन्धमा यस अघि कुनै मुद्दा चलेको, सजाय ठहर भएको, सजाय भुक्तान भएको वा कुनै अभियोग विचाराधिन रहेको भए सो सम्बन्धी कागजात खोजी मिसिल साथ राख्ने । यसबाट अभियुक्तको पूर्व क्रियाकलापको बारेमा जानकारी हुने र सजायको गम्भीरता बढाउने वा घटाउने आधार हुनसक्छ ।
- सम्बन्धित कसूर सम्बन्धी कानूनमा गरिएको सजायको व्यवस्था, सजाय निर्धारण ऐन, पूर्व न्यायिक अभ्यास समेतका सामाग्री संकलन गरी अध्ययन गर्ने,
- सजाय निर्धारण सम्बन्धी आफ्नो कुनै जिकिर रहेमा वादी नेपाल सरकारका तर्फबाट सरकारी वकीलले सजाय निर्धारणको सुनुवाइ हुनु पूर्व त्यस्तो जिकिर लिखित रूपमा अदालतमा पेश गर्ने,

| | |
|---|---|
| सजाय निर्धारण सम्बन्धी आफ्नो कुनै जिकिर रहेमा वादी वा कसूरदार वा निजको कानून व्यवसायीले सजाय निर्धारणको सुनुवाइ हुनु पूर्व त्यस्तो जिकिर लिखित रूपमा अदालतमा पेश गर्न सक्नेछ । | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ३(९)** |

## ४.६ सजाय निर्धारणको सुनुवाइको बहसमा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू

कसूर ठहर भएको अभियुक्तलाई सजाय निर्धारण गर्दा अदालतले कानूनमा उल्लिखित सजायको दायराभित्र रहेर कसूरको प्रकृति, कसूरदारको दोषको मात्रा, कसूरबाट पुगेको क्षति लगायतका आधारमा गर्नुपर्ने हुन्छ । यसका अलावा

सजायको उद्देश्य, सजाय निर्धारण गर्ने आधारहरू, सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनमा उल्लिखित चरणका विषयहरू, कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरू सजाय निर्धारणमा अत्यन्त सान्दर्भिक विषय हुन् ।

फौजदारी कसूर सजाय (निर्धारण र कार्यान्वयन) ऐन, २०७४ ले अदालतले सजाय निर्धारण गर्दा सजायको उद्देश्य विचार गर्नुपर्ने उल्लेख गरेको छ । यसैगरी उक्त ऐनले सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू, सजाय निर्धारण गर्ने आधारहरू, बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुराहरू, कम सजाय तोक्ने र राय पेश गर्ने विषय, जरिवानाको सजाय निर्धारणका आधारहरू उल्लेख गरेको छ । सजाय निर्धारणका आधारहरू अन्तर्गत कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाहरूलाई महत्वपूर्ण आधार मानिएको छ । उक्त अवस्थाहरूको सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र दफा ३९ मा उल्लेख गरिएको छ । यी विषयहरू सजाय निर्धारणका लागि अदालतले ध्यान दिनुपर्ने विषय हुन भने सरकारी वकीलले सजाय निर्धारणको बहसको तयारी र बहस प्रस्तुतीको क्रममा यिनै विषयहरूलाई केन्द्रबिन्दुमा राखेर बहस प्रस्तुत गर्नुपर्ने हुँदा यी कुराहरूमा विशेष रूपमा ध्यान दिंदै निम्न कुराहरू विचार गर्नु पर्दछः-

१. सरकारी वकीलले अभियोजन गरेको कसूर भन्दा फरक कसूर ठहर भई सजाय निर्धारणका लागि सुनवाइ हुँदा सहभागी हुनुपर्ने हुन्छ । यस क्रममा वादी नेपाल सरकारका तर्फबाट प्रस्तुत अभियोग अनुसार कसूर ठहर नभएकोमा सो फैसला उपर पुनरावेदन गर्नु पर्ने हुन सक्तछ । ठहर भएको कसूरको सजाय निर्धारणको सुनुवाइमा सहभागी भएको वा सजाय पूर्वको प्रतिवेदन अदालतमा पेश गरेको आधारमा वादी नेपाल सरकारको पुनरावेदन गर्न पाउने कानूनी अधिकारमा असर पर्दैन । सजाय निर्धारणको सुनुवाइमा सहभागी भई बहस प्रस्तुत गर्दा सरकारी वकीलले सो कुरामा आफ्नो पुनरावेदन गर्न पाउने अधिकार सुरक्षित रहेको कुरा इजलास समक्ष राखी सजाय निर्धारणका सम्बन्धमा बहस प्रस्तुत गर्नु पर्दछ ।
२. सजाय निर्धारण सम्बन्धी कुनै जिकिर रही वादी नेपाल सरकारको तर्फबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम ३ को उपनियम (९) बमोजिम लिखित रूपमा जिकिर सजाय

निर्धारणको सुनुवाइ हुनु पूर्व अदालतमा पेश गरेको भए सो जिकिरलाई बहसको शुरुवातमा प्रस्तुत गर्नु पर्दछ ।

३. सजाय निर्धारणमा सजायको उद्देश्य के हो भन्ने कुरा महत्वपूर्ण हुन्छ । सजाय निर्धारणको बहसमा सरकारी वकीलले सजायको उद्देश्यहरूलाई समेत विचार गरी बहस गर्नु पर्दछ ।

**सजायको उद्देश्य**

| | |
|---|---|
| • कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,<br>• समाज वा समुदायलाई सुरक्षा गर्ने,<br>• पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,<br>• कसूरदारलाई समाजमा पुनःस्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,<br>• कसूरदारलाई समाजबाट अलग राख्ने,<br>• कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,<br>• कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने । | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३** |

४. सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू र सजाय निर्धारणका आधारहरूको अध्ययन गरी ती आधारमा सिमित रही सरकारी वकीलले बहस प्रस्तुत गर्नुपर्ने भएकोले उक्त कुराहरूमा ध्यान दिनु पर्दछ । यस सम्बन्धमा सजाय निर्धारण ऐन, २०७४ को दफा १४ र १५ ले गरेको कानूनी व्यवस्था सान्दर्भिक रहन्छन् ।

**अदालतले सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराहरू**

| | |
|---|---|
| (क) कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय समानुपातिक भन्दा बढी हुन नहुने,<br>(ख) सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने, | **फौजदारी कसूर सजाय (निर्धारण तथा** |

| | |
|---|---|
| (ग) उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान सजाय हुन नहुने,<br>(घ) एक भन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूर वापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने,<br>(ङ) कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने । | **कार्यान्वयन)** **ऐन, २०७४ को दफा १४** |

**सजाय निर्धारणका आधारहरू**

| | |
|---|---|
| (क) कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,<br>(ख) कसूर गर्दाको परिस्थिति,<br>(ग) कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरू,<br>(घ) कसूरदारको आचरण र विगतको कृयाकलाप,<br>(ङ) ऐनको दफा १३ मा उल्लिखित सजायको उद्देश्य । | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ (१)** |

५. सजाय निर्धारणको सुनुवाइको बहस गर्दा सरकारी वकीलले ऐनको दफा १५ को उपदफा (२) मा उल्लिखित सजाय निर्धारण गर्नुपर्ने निम्न विषयहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

| | |
|---|---|
| (क) जघन्य वा गम्भीर प्रकृतिका कसूर गर्ने कसूरदारलाई कैद सजाय,<br>(ख) बालबालिकालाई सजाय गर्दा निजको सुधार र पुनःस्थापना,<br>(ग) पटके कसूरदारलाई पछिल्लो कसूर वापत हुने सजायको दोब्बर थप सजाय,<br>(घ) समाज वा समुदायलाई खतरा हुने कसूरदारलाई | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १५ (२)** |

| | |
|---|---|
| कैद सजाय,<br>(ङ) कुनै सरकारी कार्यालय वा सार्वजनिक वा सङ्गठित संस्थाको पद वा ओहदामा बहाल रही त्यस्तो पद वा ओहोदाको दुरूपयोग गरी कसूर गर्ने कसूरदारलाई त्यस्तो कसूरमा हुने सजायको डेढी सजाय । | |

६. कसूर ठहर भएको व्यक्ति बालबालिका भएमा बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू र सजाय निर्धारण ऐनको दफा १६ को व्यवस्था बारे अध्ययन गरी सो अनुसार बहस प्रस्तुत गर्नु पर्नेछ ।

| | |
|---|---|
| (१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन ।<br>(२) दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृति हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राखिनेछ ।<br>(३) चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ ।<br>(४) सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ । | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६** |

| | |
|---|---|
| | |
| <u>**बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरू**</u> : (१) बालबालिकालाई सजाय गर्दा देहायका कुराहरूलाई समेत विचार गर्नु पर्नेछ :-<br>(क) निजको सर्वोत्तम हित,<br>(ख) कसूरको गम्भीरता र दोषको मात्रा,<br>(ग) निजको व्यक्तिगत परिस्थिति,<br>(घ) पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,<br>(ङ) अपराधप्रतिको पश्चाताप,<br>(च) असल र उपयोगी जीवन जिउने चाहना ।<br>(२) सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन । | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६** |

७. जरिवानाको मात्र सजाय हुने वा कैद जरिवाना दुवै हुने कसूरमा जरिवानाको सजाय निर्धारण गर्दा ऐनको दफा १८ मा उल्लिखित आधारहरू बहसमा प्रस्तुत गर्ने,

| | |
|---|---|
| कुनै कसूरमा जरिवानाको सजाय निर्धारण गर्दा यस ऐनमा उल्लिखित अन्य कुराका अतिरिक्त त्यस्तो कसूर र जरिवानाको अधिकतम र न्यूनतम हद विचार गरी निर्धारण गर्नु पर्छ । यसरी जरिवाना निर्धारण गर्दा देहायका कुराहरू समेतलाई विचार गर्नु पर्छ :-<br>(क) कसूरदारको आर्थिक हैसियत र आय आर्जन क्षमता,<br>(ख) कसूरदारले गरेको कसूरको कारणबाट अरु व्यक्तिलाई हुन गएको आर्थिक हानि नोक्सानी,<br>(ग) कसूरदारले गरेको कसूरको कारणबाट कसूरदार वा निजको परिवारले प्राप्त गरेको लाभ, | **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १८** |

| | |
|---|---|
| (घ) जरिवानाबाट कसूरदारले पालन पोषण गर्नु पर्ने परिवारलाई पर्ने असर,<br>(ङ) पीडितलाई तिर्नु पर्ने क्षतिपूर्ति रकम,<br>(च) जरिवाना नतिरेको कारणबाट सरकारलाई पर्न सक्ने दायित्व,<br>(छ) कसूरदार सङ्गठित संस्था भएमा त्यस्तो संस्थाको आर्थिक हैसियत र कारोबार,<br>(ज) पीडित राहत कोषमा रकम जम्मा गराउनु पर्ने भए त्यस्तो रकम ।<br>जरिवाना निर्धारण गर्दा बिगो खुलेकोमा विगोको आधारमा जरिवाना निर्धारण गर्नुपर्छ । | |

८. कसूरको गम्भीरता बढाउने अवस्थाहरूको अध्ययन र सजाय निर्धारणमा ती अवस्थाहरूको सिलसिलेवार रूपमा प्रस्तुति गर्नु पर्दछ ।

सजाय निर्धारणमा कसूरको गम्भीरता बढाउने अवस्थालाई सजाय निर्धारणको महत्वपूर्ण आधार मानिएको छ । अदालतले कसूरदार ठहर भएको अभियुक्तलाई कसूरको गम्भीरताका आधारमा कानूनले तोकेको सजायको माथिल्लो वा अधिकतम हदको सजाय निर्धारण गर्ने दृष्टिकोण अवलम्बन गरिन्छ । यी आधारहरूलाई कसूरको गम्भीरता बढाउने अवस्था भनिन्छ । "Aggravating factors are looked to by the court in order to determine whether a more severe sentence or penalty is deserved for a convicted defendant". मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ ले कसूरको गम्भीरता बढाउने २५ अवस्थाहरू उल्लेख गरेको छ ।

**कसूरको गम्भीरता बढाउने अवस्थाहरूः** यस मार्गदर्शनको परिच्छेद २ को खण्ड २.५.१ मा उल्लेख गरिएको छ । सरकारी वकीलले सजाय निर्धारणको सुनुवाइमा यी अवस्थाको विद्यमानता रहेको अवस्था उल्लेख गरी सो आधारमा कानूनले तोकेको सजायको माथिल्लो हद अनुसार सजाय निर्धारण हुनुपर्ने गरी बहस प्रस्तुत गर्नुपर्ने हुन्छ । कसूरको मात्रा बढाउने अवस्थामा सजाय निर्धारणको बहस गर्दा सरकारी वकीलले कानूनले तोकेको सजायको हदमा सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण मार्गदर्शन, २०७५ अनुसार आधार बिन्दुबाट माथिल्लो सजाय निर्धारण गर्ने तर्फ तर्क वा प्रस्तुती राख्नु पर्दछ ।

९. कसूरको गम्भीरता घटाउने आधारहरूको अध्ययन र सजाय निर्धारणको बहसमा ती अवस्थाहरूको सिलसिलेवार रूपमा प्रस्तुती गर्नु पर्नेछ ।

सजाय निर्धारणमा कसूरको गम्भीरता घटाउने अवस्थालाई सजाय निर्धारणको महत्वपूर्ण आधार मानिएको छ । अदालतले कसूरदार ठहर भएको प्रतिवादीलाई कसूरको गम्भीरता घटाउने आधारमा कानूनले तोकेको सजायको तल्लो वा न्यूनतम सजाय निर्धारण गर्ने दृष्टिकोण अवलम्बन गरिन्छ ।

**कसूरको गम्भीरता घटाउने अवस्थाहरूः** यस मार्गदर्शनको परिच्छेद २ को खण्ड २.५.२ मा उल्लेख गरिएको छ । सरकारी वकीलले सजाय निर्धारणको सुनुवाइमा यी अवस्थाको विद्यमानता रहेको देखिएको अवस्थामा आफ्नो बहस प्रस्तुतीमा सोही अनुसार बहस प्रस्तुत गर्नुपर्ने हुन्छ । कसूरको मात्रा घटाउने अवस्थामा सजाय निर्धारणको बहस गर्दा सरकारी वकीलले कानूनले तोकेको सजायको हदमा सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण मार्गदर्शन, २०७५ अनुसार आधार विन्दुबाट तल्लो हदतर्फ सजाय निर्धारण गर्ने तर्क वा प्रस्तुति राख्नु पर्दछ ।

१०. एकीकृत कसूर वापत थप सजाय हुने व्यवस्था रहेको हुँदा सजाय निर्धारणको बहसमा सो कुरालाई समेत विचार गरी प्रस्तुती राख्नु पर्दछ ।

मुलुकी अपराध संहिताको दफा ४३ कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा एकीकृत कसूर गरेको मानिने र एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा बढी सजाय हुने कसूर वापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर वापतको सजायको आधा सजाय थप गरी सजाय गर्नुपर्ने व्यवस्था रहेको छ । सजाय निर्धारणको सुनुवाइमा यो विषय महत्वपूर्ण रहन्छ । तसर्थ सरकारी वकीलले अभियोगपत्रमा दाबी लिए नलिएको समेत हेरी उक्त दफा ४३ को अवस्था रहेकोमा सो दफामा आधारित रहेर बहस गर्नु पर्दछ ।

| | |
|---|---|
| (१) कुनै व्यक्तिले एउटै वारदातमा एक भन्दा बढी कसूर गरेमा एकीकृत कसूर गरेको मानिनेछ ।<br>(२) एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा बढी सजाय हुने कसूर वापतको सजाय गरिने र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर वापतको सजायको आधा सजाय थप गरी सजाय गर्नु पर्दछ । | **मुलुकी अपराध संहिता, २०७४ को दफा ४३** |

११. जघन्य वा गम्भीर कसूरमा र सो बाहेकका अन्य कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा थप सजायको व्यवस्था रहेको हुँदा सजाय निर्धारणको सुनुवाइमा यो विषय समेत विचार गर्नुपर्छ । यस्तो सजाय कुनै पनि कसूर गरेको अवस्थामा आकृष्ट हुने देखिँदा पछिल्लो पटक गरेको कसूर र पहिले सजाय पाएको कसूर एकै प्रकृतिको हुनुपर्ने अनिवार्यता हुँदैन ।

| | |
|---|---|
| (१) जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ । तर जन्म कैदमा लागू नहुने ।<br>(२) जघन्य र गम्भीर कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोव्वरसम्म सजाय हुनेछ । | **मुलुकी अपराध संहिता, २०७४ को दफा ४४** |

१२. सर्वोच्च अदालतबाट जारी भएको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन र मुद्दाको विषयवस्तुको सान्दर्भिकता समेतका आधारमा सजाय निर्धारणको बहस गर्नु पर्दछ । मार्गदर्शनका मुख्य मुख्य व्यवस्थाहरू परिच्छेद २ को प्रकरण २.८ मा उल्लेख गरिएको छ ।

१३. संगठित रूपमा भएको कुनै कसूरमा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत सजायको मागदाबी रहेकोमा कसूरदार ठहर भएका प्रतिवादीलाई निजले गरेको मूल कसूरमा ५० प्रतिशतसम्म थप सजाय हुन सक्ने हुँदा सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलले सो विषयलाई पनि बहसको क्रममा विचार गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| यस ऐन बमोजिम संगठित अपराध वा संगठित अपराध गर्न सहयोग गर्ने कार्य गरेकोमा प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुन्छ । | **संगठित अपराध निवारण ऐन, २०७० को दफा ९** |

१४ सरकारी वकीलले अभियोगपत्र दायर गर्दा प्रतिवादी वा अभियुक्तलाई प्रचलित कानून बमोजिम सजायमा छुटको दाबी लिएको अवस्थामा त्यस्ता कसूरदारको

हकमा सजाय निर्धारणको सुनुवाइमा सजायमा छुट पाउने कुरालाई समेत बहस गर्दा विचार गर्नु पर्दछ । यस सम्बन्धमा निम्न कानूनहरू सान्दर्भिक हुन सक्दछन् ।

| |
|---|
| **मुलुकी अपराध संहिता, २०७४ को दफा ४७** |
| **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३** |
| **संगठित अपराध निवारण ऐन, २०७० को दफा २१** |
| **लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८(ग)** |
| **बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २६** |
| **मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा २१** |

१५. नैतिक पतन देखिने कसूरका हकमा नैतिक पतन देखिने निर्णय गर्नु पर्ने र कसूरको गम्भीरता बढाउने आधारको रूपमा बहस प्रस्तुत गर्नु पर्दछ ।

नैतिक पतन देखिने कसूरका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त[४३] समेतका आधारमा बहस गर्नु पर्दछ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा उल्लेख गरिएका बालबालिका विरुद्धका कसूर नैतिक पतन देखिने कसूर हुन् । साथै मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा, जबरजस्ती करणी सम्बन्धी कसूर लगायतका कसूरको मुद्दामा अभियोगपत्रमा सोको समेत दाबी लिई सजाय निर्धारणको सुनुवाइमा सरकारी वकीलले यो विषयलाई पनि कसूरको गम्भीरता बढाउने आधारको रूपमा प्रस्तुत गर्नु पर्दछ ।

| | |
|---|---|
| मानव बेचविखन तथा ओसारपसार ऐन बमोजिमको कसूरमा अदालतमा मुद्दा दर्ता गर्दाका बखत सम्बन्धित सरकारी वकीलले अभियुक्तले नैतिक पतन देखिने कसूर गरेको हो भनी दाबी लिन सक्छ । | **मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐनको दफा २२** |
| यो ऐन बमोजिम वा प्रचलित कानून बमोजिम बाल यौन दुर्व्यवहारमा कसूरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी कसूर गरेको मानिनेछ । | **बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७** |

[४३] नेकाप २०३० नि.नं. ७७४, ने.का.प. २०६७ नि.न. ८५०७ र ने.का.प. २०७३ अंक १० नि.नं.९७०६ ।

१६. पीडित संरक्षण ऐन, २०७५ को दफा ११ मा अपराध पीडितले सजाय निर्धारण पूर्व आफ्नो धारणा व्यक्त गर्न सक्ने र ऐ. दफा २५ ले पीडित प्रभाव प्रतिवेदन पेश गर्नसक्ने व्यवस्था गरेको छ । पीडितको धारणा र प्रभाव प्रतिवेदन सजाय निर्धारणमा महत्वपूर्ण आधार हुने हुँदा पीडित प्रभाव प्रतिवेदन प्राप्त गरी सो प्रतिवेदन र पीडितको धारणा समेतलाई सजाय निर्धारणको बहसको क्रममा ध्यान दिई बहस गर्नु पर्दछ ।

| | |
|---|---|
| अपराध पीडितले कसूरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा सम्बन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउनेछ । | **पीडित संरक्षण ऐन, २०७५ को दफा ११** |
| पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्ष रूपमा पुग्न गएको क्षति वा प्रभाव उल्लेख गरी अभियोगपत्र दायर हुनु अगावै वा अभियोगपत्र दायर भएको एक महिनाभित्र पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेछ । अभियोजन अधिकारीले आफू समक्ष पेश भएको पीडित प्रभाव प्रतिवेदन अदालतमा पेश गर्नु पर्नेछ । | **पीडित संरक्षण ऐन, २०७५ को दफा २५** |
| अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा पीडित प्रभाव प्रतिवेदन समेतलाई आधार लिन सक्नेछ । | **पीडित संरक्षण ऐन, २०७५ को दफा २७** |

१७. सजाय निर्धारण सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू र व्याख्यालाई मुद्दाको तथ्य र विषयवस्तुका आधारमा बहसका क्रममा उल्लेख गर्ने । यस सम्बन्धमा निम्न मुद्दामा प्रतिपादित सिद्धान्तलाई ध्यान दिने । विस्तृत रूपमा यस सम्बन्धी मुद्दाहरू र संक्षिप्त व्याख्या मार्गदर्शनको परिच्छेद २ मा दिइएको छ ।

- तजविजी अधिकारको प्रयोग गर्दा दण्डसम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन नमिल्ने । नाममात्रको सजाय गर्ने हो भने सजायको उद्देश्य पूरा नहुने,[४४]

---

[४४] ने.का.प.२०७१ अंक ३, नि.नं. ९१३६, पृष्ठ ३४४ ।

- सजाय निर्धारण गर्दा अपराध गर्दाको अवस्था, परिस्थिति, प्रयोग भएको हतियार, अभियुक्तको चरित्र तथा आपराधिक रेकर्ड र पीडितको आश्रित परिवार, हैसियत समेतलाई विचार गर्नु पर्ने,[४५]
- एकभन्दा बढी प्रतिवादीहरूलाई एउटै दफाको सजायको माग गरिएकोमा कसूर घटाउनमा प्रतिवादीको भूमिका र हिस्साका आधारमा सजाय निर्धारण हुने,[४६]
- ऐनले दिएको तजविजी अधिकारको प्रयोग गर्दा कसूदारहरू पटके अपराधी भए नभएको, संगठित आपराधिक समूहमा रहे नरहेको, बालक, बृद्ध वा अशक्त आदिलाई प्रयोग गरे नगरेको समेतका अपराध गर्दाको अवस्थामा प्रयोग भएका साधन, प्रकृया र पद्धतिका अतिरिक्त दशीको प्रकृति र मात्रालाई मध्यनजर राख्नुपर्ने,[४७]
- कसूर प्रमाणित भए पनि पूर्व रिसइवीको स्थिति, वारदातको प्रकृति, पूर्व आपराधिक चरित्र, घटनाको गम्भीरता, तयारी र योजनाको स्वरूप, कसूरदारको उमेर, शारीरिक अवस्था र पारिवारिक पृष्ठभूमि लगायतका कुराहरू विचार गरी कसूर र सजाय बीचको समानुपातिकता (Proportionality of Punishment) स्थापित गर्नु नै न्यायपूर्ण हुने,[४८]
- दण्डको निर्धारण न्यायकर्ताले समन्याय (equity), शुद्ध अन्तस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसूरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मक रूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरी न्यायिक रूपमा सम्पादन हुनुपर्ने,[४९]

१८. सजाय निर्धारण गर्ने क्रममा पीडितले पाउने क्षतिपूर्ति र पिडकले तिर्नुपर्ने क्षतिपूर्ति शुल्क समेत निर्धारण गर्नुपर्ने हुँदा सजाय निर्धारण ऐन, २०७४ को

---

[४५] नेकाप २०६५ अंक ११ नि.न ८०३९ ।

[४६] ने.का.प.२०७३ अंक ११, नि.नं. ९७१४, पृष्ठ २१२६ ।

[४७] ने.का.प. २०७६ अंक २ नि.न. १०१९८ ।

[४८] ने.का.प.२०६७, अङ्क ३, नि. नं.८३३० ।

[४९] ने.का.प.२०७३, अङ्क ५, नि. नं.९६०२ ।

दफा ४१ मा उल्लिखित क्षतिपूर्ति निर्धारणका आधारहरू र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ मा भएको क्षतिपूर्ति शुल्क तोक्ने कुरामा समेत बहस गर्दा विचार गर्नु पर्दछ ।

**क्षतिपूर्ति भराउने व्यवस्था र क्षतिपूर्तिका आधारहरू**

| | |
|---|---|
| कुनै कसूरको परिणाम स्वरूप पीडितको जीउ, ज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षति वापत अदालतले कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ । तर कानूनमा कुनै कसूर वापत छुट्टै क्षतिपूर्तिको व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ । | **सजाय निर्धारण ऐन, २०७४ को दफा ४१(१)** |
| २) क्षतिपूर्ति निर्धारण गर्दा देहायका कुराहरूलाई विचार गर्नु पर्नेछ :-<br>(क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावनात्मक क्षति,<br>(ख) पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति,<br>(ग) कसूरदारको आर्थिक स्रोत र अवस्था,<br>(घ) पीडित तथा निजमा आश्रित व्यक्तिको अवस्था,<br>(ङ) अदालतले उपयुक्त ठहऱ्याएका अन्य कुरा । | **सजाय निर्धारण ऐन, २०७४ को दफा ४१(२)** |

१९. सजाय निर्धारण कसूर हुँदाको बखतको प्रचलित कानून बमोजिम तोकिएको सजायको आधारमा नै हुने हुँदा कसूर हुँदाका बखत कायमको कानून सजाय निर्धारण गर्दा वा अभियोजन गर्दा खारेज भएको रहेछ भने पनि सोही कानून अनुसार नै सरकारी वकीलले सजाय निर्धारण हुने गरी बहस प्रस्तुत गर्नुपर्दछ ।[५०] यसैगरी पछिल्लो कानूनले कुनै कसूरमा सजाय घटाएको वा अभियुक्तलाई सुविधा दिएको छ भने अन्यथा व्यवस्था नगरिएमा पछिल्लो

[५०] प्रमिला राई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत भएको (ने.का.प. २०६८ अंक १० नि.नं. ८६९७) मुद्दामा सजाय निर्धारणमा कसूर हुँदाका बखतको कानून अनुसार नै सजाय हुने र खारेज भएको कानून लागू हुँदाका बखतको घटनाको सम्बन्धमा सोही समयको कानूनको अधिनमा रही न्याय निरूपण र अभियोजन गर्नुपर्ने भन्ने व्याख्या भएको समेत देखिन्छ ।

कानून अनुसार नै घटी सजाय हुने हुँदा[५१] सरकारी वकीलले सो सिद्धान्तलाई बहस गर्दा राख्न सक्तछ ।

**कानूनी व्यवस्थाः**

| | |
|---|---|
| खारेज भएका कानून बमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-<br>(क) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भएपनि सोही अदालतबाट प्रचलित कानून अन्तर्गतको नै कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ ।<br>(ख) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरका मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।<br>(ग) कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानून बमोजिम नै कार्यान्वयन हुनेछ । तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजाय भन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ ।<br>(घ) कुनै कानून अन्तर्गत कसूर मानिने काम मुलुकी अपराध संहिता बमोजिम कसूर नमानिने भएमा त्यस्तो कसूरसंग सम्बन्धित मुद्दा जुनसुकै तहको अदालतमा भएपनि स्वतः खारेज हुनेछ । | **केही नेपाल कानून संशोधन र खारेजी गर्ने ऐन, २०७४ को दफा ३९ (२)** |

[५१] पछिल्लो कानूनले सजाय घटाएको वा अभियुक्तलाई सुविधा दिएको छ भने कानूनमा प्रष्ट उल्लेख भएकोमा बाहेक अन्य अवस्थामा पछिल्लो कानून प्रयोग गर्न मिल्ने भनी ने.का.प. २०७१ अंक ७ नि.न. ९२०९ मा सिद्धान्त प्रतिपादित गरेको छ ।

## ४.७ सजाय पूर्वको प्रतिवेदन तयारीमा विचार गर्नुपर्ने कुराहरू

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ ले प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत तोकिएको वा नियुक्त नभएको अवस्थामा अदालतले वादी र प्रतिवादीको कानून व्यवसायीलाई सजाय पूर्वको प्रतिवेदन तयार गर्न आदेश दिनुपर्ने व्यवस्था रहेको र हालसम्म प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत नतोकिएको हुँदा अदालतले सरकारी वकीललाई वादी पक्षको कानून व्यवसायीको रूपमा सजाय पूर्वको प्रतिवेदन तयार गर्न आदेश दिने अभ्यास रहेको छ । सरकारी वकीलले यस्तो प्रतिवेदन तयार गर्दा कसूरदारका सम्बन्धमा दफा १२ का कुराहरू र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) नियमावली, २०७५ को नियम (४) को उपनियम (२) मा उल्लिखित कुराहरू समावेश गरी प्रतिवेदन तयार गर्नु पर्दछ । त्यस्तो प्रतिवेदन अदालतमा पेश गर्नु पर्दछ ।

यसरी अदालतमा पेश भएको सजाय पूर्वको प्रतिवेदनमा सरकारी वकीलको कुनै राय भएमा सजाय निर्धारणको सुनुवाइ हुनु पूर्व लिखित रूपमा अदालतमा पेश गर्नुपर्दछ ।

## ४.८ सजाय निर्धारण उपरको पुनरावेदन कारबाही र सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरू

कानूनले तोकेको सजायको सीमाभित्र रही अदालतले सजाय निर्धारणका आधारहरू समेत विचार गरी कसूरको गम्भीरता बढाउने वा घटाउने अवस्थाहरूको विद्यमानता रहे नरहेको हेरी सरकारी वकील र प्रतिरक्षी कानून व्यवसायीको जिकिर समेत सुनी सजाय निर्धारण गर्नु पर्दछ । सजाय निर्धारण गर्दा अदालतले स्वविवेकीय अधिकारको प्रयोग गर्ने हुँदा यसमा सामान्यतयाः पुनरावेदन गर्नुपर्ने अवस्था हुँदैन । तर सजाय निर्धारणमा स्वेच्छाचारिता भएको, कसूरको गम्भीरता र मात्रा अनुसार सजाय निर्धारण नभएको, सजायको उद्देश्य विचार नगरिएको, सजाय निर्धारणका आधारहरूको पालना र प्रयोग भएको नदेखिएको, कसूरदारको दोषीपना, समाज र पीडितलाई भएको क्षति समेतलाई सजाय निर्धारण वा जरिवाना वा क्षतिपूर्ति निर्धारणमा अवलम्बन नगरिएको अवस्था फैसलामा देखिएमा त्यस्तो फैसला उपर कानून बमोजिम पुनरावेदन गर्न सकिने अवस्था हुन्छ । यसमा सरकारी वकीलले पुनरावेदन गर्नुपर्ने कानूनी आधार र कारण उल्लेख गरी पुनरावेदन गर्ने सरकारी वकील समक्ष फैसला सहितको पुनरावेदनको

मस्यौदा पठाउनु पर्दछ । प्राप्त मस्यौदा हेरी सम्बन्धित सरकारी वकीलले पनि पुनरावेदन गर्नुपर्ने देखिएमा कानूनको म्याद भित्र पुनरावेदनपत्र तयार गरी दायर गर्नु पर्दछ ।

यसैगरी सजाय निर्धारण गर्दा ऐनको दफा १७ मा उल्लिखित कुराहरू नखुलाएकोमा पनि पुनरावेदन गर्न सक्ने अवस्था रहन्छ । सर्वोच्च अदालतबाट जारी सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ को पालना र प्रयोग नभएकोमा पनि पुनरावेदन गर्न सकिने अवस्था रहने हुँदा सो मार्गदर्शनको समेत अध्ययन सरकारी वकीलले गर्नु पर्दछ ।

पुनरावेदन सम्बन्धी कार्य गर्दा सरकारी वकीलले निम्न कुरामा ध्यान दिनुपर्दछ :-

- अदालतबाट भएको सजाय निर्धारणको फैसला प्राप्त गर्ने, अध्ययन गरी सजाय निर्धारणमा फैसला त्रुटिपूर्ण भएमा पुनरावेदन कारवाही गर्ने,
- सजाय निर्धारणमा भएको फैसला उपर पुनरावेदन गर्नुपर्ने आधार नभएमा वा सजाय निर्धारणको फैसला कानून बमोजिम भएको देखिएमा सोही व्यहोरा जनाई अभिलेख राख्ने,
- पुनरावेदन गर्नुपर्ने अवस्थामा सजाय निर्धारणका आधार र भएको सजाय त्रुटिपूर्ण रहेको कानूनी र तथ्यगत आधार बुँदागत रूपमा उल्लेख गरी पुनरावेदन मस्यौदा गरी आफै दायर गर्नुपर्ने भएमा कानूनका म्याद भित्र तयार गरी पुनरावेदन लाग्ने अदालतमा दायर गर्ने, आफूले दायर गर्नुनपर्ने अवस्थाको भएमा माथिल्लो सरकारी वकील समक्ष म्याद भित्र कागजात सहित मस्यौदा पठाउने,
- पुनरावेदन लेख्दा विचार गर्नुपर्ने अन्य कुराहरू समेत सिलसिलेवार रूपमा मिलाई तयार गर्ने,

## कानूनी व्यवस्था

| | |
|---|---|
| (१) अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिनभित्र पुनरावेदन गर्न सक्नेछ । तर त्यस्तो अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाई पुनरावेदन गर्न चाहने पक्षले निवेदन | **मुलुकी फौजदारी संहिता, २०७४ को दफा** |

| | |
|---|---|
| दिएमा र निवेदनको व्यहोरा मनासिब ठहराएमा पुनरावेदन सुन्ने अदालतले बढीमा तीस दिनसम्मको म्याद थामी दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्न चाहने पक्षले फैसला गर्ने अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दर्ता गराउनु पर्नेछ ।<br>(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट सुनुवाइ हुँदाका बखत मुद्दाको पक्ष वा निजको वारिस उपस्थित भएको वा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ र सोही दिन फैसला भएको रहेछ भने मुद्दाको पक्षले त्यस्तो फैसला भएको थाहा पाएको मानिनेछ । तर सरकार वादी भएको मुद्दाको हकमा भने फैसलाको जानकारी पाएको मितिबाट पुनरावेदन गर्ने म्याद शुरु हुनेछ ।<br>(४) फैसला भएको मितिले एक वर्षको अवधि व्यतित भएपछि पक्षले थाहा पाएको मानिनेछ । | १३४ |

## सन्दर्भ सामग्रीहरू


१. Andrew Ashworth. (2005).*Sentencing and Criminal Justice*. (4th ed.) . Cambridge University Press, Cambridge.

२. Bed Raj vs. State of U.P. (1955).

३. P. J. Fitzerald, *Salmond on Jurisprudence*, Sweet & Maxwell, London (1985)

४. Subhash C. Gupta, *'Capital Punishment in India',* 1980, Deep & Deep Publications, New Delhi.

५. माधवप्रसाद आचार्य, अपराधशास्त्र, रत्न पुस्तक भण्डार, काठमाडौं, (२०६७) ।

६. प्रा. डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, फौजदारी कानूनको सामान्य परिचय, पैरवी बुक हाउस प्रा.लि. काठमाडौं, २०७५ ।

७. नेपाल कानून पत्रिकाहरु, सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।

८. *पैरवी ल जर्नल,* पैरवी बुक हाउस प्रा.लि., २०७५ ।

९. रा.न्या.प्र. (२०७०), *फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी,* हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल ।

१०. मुलुकी अपराध संहिता, २०७४, कानून किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।

११. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, कानून किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।

१२. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कानून किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।

१३. https://marisluste.files.wordpress.com/2010/11/deterrence-theory.pdf,

१४. http://ijsard.org/wp-content/uploads/2017/011/THEORIES-OF-PUNISHMENT-WITH-SPECIAL-REFERENCE-TO-PREVENTIVE-REFORMATIVE-THEORIES-By-Mohd-Imrancompilation-volume-3-issue-2.pdf.

१५. Criminal Justice Act, 2003,

१६. Sentencing Act, 2002.

महान्यायाधिवक्ताको कार्यालय
सिंहदरबार, काठमाडौं, नेपाल